

# अप्राकृतिक जलवायु परिवर्तन र जैविक विविधता

- डिल्लीवहादुर रावत

अहिले संसार आक्रान्त छ । समस्यै समस्याको पहाडले थिचिएको छ । अशान्ति, गरिवी, अभाव एकातिर छ भने भ्रष्टाचार, घुसखोरी कमिसन तन्त्र, तस्करी, मानव वेचविखन, श्रमशोषण, अर्कोतिर छ । यो मानव विकाससँगसँगै विरासतको रुपमा पुस्ता दर पुस्ता हुँदै आइरहेको छ । यसको व्यवस्थापन गर्न अहिलेसम्म सचेत मानिस र तिनको राजनीतिक संगठनहरुले सकिराखेका छैनन् । वरु समस्या अल्झाइरहेका छन, वल्झाई रहेकाछन् । झन भन्दा झन जटिल मोडमा पुर्‍याई रहेका छन । पुराना समस्याको हल निकाल्न नसकिरहेको अवस्थामा झन नयाँ पर्यावरणीय समस्या थपिन पुगेको छ । माथि उल्लेखित सबै समस्याहरुको हल अब पर्यावरणीय चिन्तन र कार्यदिशाविना अम्भव वन्दै गइरहेको वर्तमान अवस्था छ । अप्राकृतिक रुपमा बढ्दै गइरहेको जलवायु परिवर्तनले हाम्रो कृषिलाई चौपट वनाउँदै लगिरहेको छ । जस्ले गर्दा शुद्ध खाद्यान्नको अभाव अब धर्तीभरि वढ्दै गइरहेको छ । अझ हाम्रो जस्तो अल्पविकसित मुलुक त झन गम्भीर संकटमा पर्ने निश्चित छ । हाम्रो उद्योग नीति पर्यावरणमैत्री अझै बनाउन सकिरहेका छैनौं । यति मात्रै कहाँ हो र ? प्राकृतिक ‘ईको सिस्टम’ खल्वलिदै गइरहेको छ । पारिस्थितिकीय प्रणालीमा गिरावट हुँदै गइरहेको छ । जस्ले गर्दा प्रकृतिको सन्तुलन विग्रदै गइरहेको छ । यसको मूल्य आउने पुस्ताले झन् चर्को रुपमा चुक्ता गर्नुपर्ने हुन्छ । अर्थात मानव भविष्य अन्धकारमय खाडलमा गइरहेको छ । तैपनि हाम्रा नीति निर्माताहरुको ध्यान त्यसतर्फ जान सकिरहेको छैन । सत्ता प्राप्तिको खेलमा दुनियाँ दौडिरहेको छ । व्यक्तिगत लाभमा दुनियाँको ध्यान गइरहेको छ । यसैमा आफ्नो वौद्धिक एवं शारिरीक श्रम खर्चिरहेको छ । प्रकृतिको वारेमा हाम्रा राजनीतिज्ञहरुलाई सोच्ने फुर्सद छैन । पुराना चिन्तन र सिद्धान्त फलाकेका छन् । नयाँ समस्याको पहिचान र हल गर्नेतिर सोच्ने फुर्सदै छैन । अप्राकृतिक रुपमा वढ्दै गएको जलवायु परिवर्तनले मानिस मात्र होइन वन्यजन्तुहरु पनि संकटमा पर्दै गइरहेका छन् । त्यसैले अव राजनेताहरुको दायित्व मानव लगायत समस्त प्रकृति संरक्षणमा जानुपर्ने आवश्यकता भइसकेको छ ।

अप्राकृतिक जलवायु परिवर्तनले पृथ्वीको तापक्रम वढाउँदै लगिरहेको छ । हाम्रा वनस्पति र वन्यजन्तुहरु उत्तरतिर बढ्दै छन् । यस्तो अवस्थामा हाम्रा निकुञ्ज, आरक्षण जस्ता संरक्षित वन क्षेत्रहरुलाई दक्षिणदेखि उत्तरतिर वढाउनुपर्ने देखिन्छ । जस्ले गर्दा हाम्रा वन्यजन्तु संरक्षणमा

अहं योगदान पुग्नेछ । यसको निम्ति हाम्रो समस्त जमिनको वैज्ञानिक विभाजन गर्नुपर्ने समय भइसकेको छ । जनताको वनप्रतिको निर्भरतालाई कम गराउने नीति सरकारले बनाउनु पर्दछ । “जनतालाई स्वच्छ वातावरणको लागि वन, वन्य जन्तुको दिगो संरक्षणको लागि हाम्रो तनमन” भन्ने नाराका साथ सरकार अगाडि वढ्नु पर्दछ । वनमा आश्रित जनताको जीविकोपार्जनका लागि वनमा आधारित उद्योगको विकासमा जनताको सहभागीता गराउदै लाने पर्यावरणीय नीति वनाउन सक्नु पर्दछ । हाम्रो संविधानमा पर्यावरणको सवाललाई गोलमटोल ढंगले राखिएको छ । त्यसैले संविधान संशोधन गरेर क्षतिपूर्ति सहितको पर्यावरणीय न्यायको ग्यारेण्टी गराउनुपर्छ । २१ औ शताब्दीको संविधान पर्यावरणमैत्रि वन्नुपर्नेमा त्यसो हुन नसक्नु दुर्भाग्य भएको छ । यसतर्फ हाम्रा नेताहरुले गम्भीर भएर सोच्नु पर्दछ । आन्दोलन गरेर मात्र संविधान संशोधन गर्ने नत्र नगर्ने परिपाटीले हाम्रो संविधान झनपछि झन निकम्मा वन्दै जानेछ । वन र वन्यजन्तुको संरक्षण विना अव मानिसको दिगो विकास संभव छैन भन्ने कुरा हाम्रा नीति निर्माताहरुले वुझ्न जरुरी भइसकेको छ । तर, मानवीय समस्याहरुलाई पर्यावरणसँग जोडेर हल खोज्ने समय भइसकेको छ । यदि हामीले हाम्रा नीतिहरुलाई पर्यावरणमैत्री बनाउदैनौ भने हामीसँग दिगो विकासको भिजन छैन भन्ने कुरा प्रष्ट हुन्छ ।

हामीले कृषि उत्पादन वढाउन भन्दै अरवौ रुपैयाँ रासायनिक मल र किटनाशक दवाइमा खर्च गरिरहेका छौं । उक्त रकम विदेश पठाउँदै छौँ । उक्त मलले कृषि जमिनलाई दिन प्रतिदिन रुखो वनाउँदै छ । मन्द विषयुक्त खाद्यवाली खान जनतालाई विवश वनाइरहेका छौं । स्वदेशमै बनाउन सकिन्छ । हरियो मल, स्याउले मल, गडेउला मल, गोठे मल, मानव र पशुमुत्रको सही व्यवस्थापन गरी रसायनिक मलको विकल्प दिनेतिर सोच्दैनौ । कुखुराको मल हालिएको खेत वारीमा रसायननिक मल हाल्नैपरेको देखिन्न । रसायनिक मलमा रकम खर्च गर्नुभन्दा जैविक मलको विकास र विस्तार गराइ अर्गानिक शुद्ध खाद्यवाली जनतालाई खुवाउने नीति किन नबनाएका होलान् ? विकसित मूलुकले रसायनिक मल र किटनाशक दवाइको प्रयोगलाई कम गर्दै लगिरहेका छन । तर, हामी बढाउँदै छौं । यसले हाम्रो कृषि जमिन झन् भन्दाझन् रुखो वनाइरहेको छ । वर्षेनी मलको मात्रा वढाउनुपर्ने र मूल्य पनि वढी तिरी रहनुपर्ने हुँदा किसानहरु कृषिदेखि विमुख हुदै गइरहेको छन् । यथार्थतालाई हाम्रा योजनाकारहरुले के हेरिरहेका होलान् ? गाउँघर र वन जंगलमा पाइने झारपातलाई मल वनाउन सकिन्छ । तर, यसतर्फ ध्यान नदिएर रसायनिक मलकै चक्करमा हाम्रा सरकारहरु किन लाग्दै छन ? हाम्रा कृषि विज्ञहरु के गरेर बसिरहेका छन ? किन ल्याउन सक्दैनन् अर्गानिक खेतीको माहोल ? कम लागतमा वढी आम्दानी हुने प्रविधिको विकास किन गर्न सकिरहेका छैनन् ?

जीव भन्नाले जो जन्मन्छ, हुर्कन्छ र मर्दछ त्यो सबै जीवभित्र पर्दछन । त्यसैले संसारमा विद्यमान सम्पूर्ण प्राणी, वनस्पति तथा सूक्ष्म जिवाणुमा पाइने प्रजातीय भिन्नता, प्रकार र संख्या तिनीहरु बीचको अन्तरसम्वन्ध नै जैविक

विविधता हो । जस्ले एक आपसमा कुनै न कुनै रुपमा अन्तर्क्रिया गरिरहेका हुन्छन । यही अन्तर्क्रियाबाट नै प्रकृतिको सुन्दर सृष्टि चलिरहेको छ । यसअन्तर्गत कुनै एक पक्षको विनासले कुनै न कुनै रुपमा मानिसमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । यही तथ्यलाई वुझ्न नसकेर नै हामी पर्यावरण विनासमा निरन्तर लागिपरेका छौं । जैविक विविधतालाई सामान्य अर्थमा भन्नुपर्दा तपाइँ हाम्रो वरपर रहेका फरक फरक प्रकारका जीवजन्तु र वोट विरुवाको उपस्थिति नै जैविक विविधता हो । जैविक विविधता अन्तर्गत आफ्नै प्रकारको विभेद हुने वन, मरुभूमि, घासे मैदान, ताल तलैया, खोला नाला आदि पारिस्थितिक विविधता, धान गहुँ, मकै, कोदो जस्ता र जातिगत विविधता धानको मनसुली, सिमठारो, तिल्कि, पोखरेली, ढुनमुने आदि विभिन्न प्रजातिहरु जनाउने वंशगत विविधता पर्दछन ।

जैविक विविधताको हिसावले नेपाल विश्वको २५ औ र एशीयाको ११ औं स्थानमा पर्दछ । त्यसैले हाम्रो मुलुक क्षेत्रफलको हिसावले सानो भए पनि जैविक विविधताको हिसावले सम्पन्न छ । यसको दिगो संरक्षण, विकास र उपयोगमा नै हाम्रो सुखद वर्तमान र सुन्दर भविस्य अडेको छ । नेपाल जैविक विविधतामा धनी हुनुको कारण हो- भू-धरातलीय वनोट । यहाँ छोटो दूरीमा पाइने विविध भौगोलिक संरचना, भिर, पहरा, गल्छि, उपत्यका र यसले पारेको स्थानीय हावापानीमा प्रभाव र यस परिस्थितिको उपजमा आएका वनस्पति तथा जनावरको विविधता नै हाम्रा अमूल्य गहना हुन । नेपालको पूर्वी भागमा वढी वर्षात हुन्छ भने पश्चिममा कम । नेपालको पूर्वदेखि पश्चिम तराई, पहाड र हिमाल पर्दछ । समुन्द्री सतहदेखि न्युनतम उचाई ६० मिटर र अधिकतम उचाइँ ८ हजार ८ सय ४८ मिटर रहेको छ । जसले गर्दा जैविक विविधताको खानी बन्न पुगेको छ । हामीकहाँ जैविक विविधताको अपार भण्डार भए पनि एकातिर यसको सही पहिचान र उचित प्रयोग गर्न नसकेको कारण मुलुक आर्थिक तथा विकासका दृष्टिले पछाडि परेको छ । अर्कोतिर अनियन्त्रित र जथाभावी प्रयोगले कयौं प्रजाति लोप हुने अवस्थामा पुग्दै छन । जैविक प्रजातिगत विविधतामा नै हामीहरुको जीवन निर्वाह, आयआर्जन, औद्योगिक कच्चा पदार्थ, जडिवुटीको व्यापारको लागि भर पर्दछौ । मूलतः ग्रामीण वस्तीका गरिव, विपन्न वर्ग, आदिवासी र जनजाति समुदायहरुको जीवनयापनका हरेक प्रकृया तथा सामाजिक साँस्कृतिक, धार्मिक प्रचलनहरु जैविक विविधतासँग गाँसिएका छन । जैविक विविधताका कारण नै जल चक्र, कार्वन चक्र तथा नाईट्रोजन चक्र सन्तुलित भइ पर्यावरण सन्तुलन हुन्छ । सनातन खाद्य चक्र गतिशील वन्दछ । जसले गर्दा स्वच्छ खाद्यान्न प्राप्त हुन्छ । आज दिनहुँ वढ्दो पर्यावरण विनास र प्रदूषणले अप्राकृतिक रुपमा जलवायु परिवर्तन भइरहेको छ । जस्को परिणाम पृथ्वीको तापक्रम वढ्दैछ । मौसममा प्रतिकूल प्रभाव परिरहेकोछ । यसले जैविक विविधतालाई संकटमा पार्दै लगिरहेको छ । त्यसैले प्रत्येक देशका सरकारहरुले पर्यावरणमैत्रि नियम कानून र नीति निर्माण गर्दै विकासलाई पर्यावरणसँग जोडेर लाग्नु पर्दछ । यसैमा नै हाम्रा भविस्य अडेको छ ।

❖



- विवेकधर शर्मा


# *संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम विश्व वातावरण कोष साना अनुदान कार्यक्रम*

# दाङ जिल्लामा संरक्षणका प्रयास

ब्राजिलको रियो दे जेनेरोमा आयोजित संयुक्त राष्ट्रसंघीय वातावरण र विकास सम्मेलन वा पृथ्वी शिखर सम्मेलनमा वातावरण संरक्षणका लागि 'एजेन्डा २१' कार्ययोजना सन् १९९२ मा पारित भयो । उक्त 'एजेन्डा २१' मा धनी राष्ट्रहरुले गरीब तथा विकासशील देशहरुको दिगो विकासमा सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका थिए । साही प्रतिवद्धताअनुरुप विश्वको वातावरण संरक्षण गर्न विश्व वातावरण कोषको स्थापना भयो । अनुदानको परिमाणको आधारमा विश्व वातावरण कोषका ३ प्रमुख कार्यक्रमहरु छन् :

१. ठूला अनुदान कार्यक्रम : अनुदान रकम २० लाख अमेरिकी डलरभन्दा बढी हुन्छ ।
२. मझौला अनुदान कार्यक्रम : अनुदान रकम २० लाख अमेरिकी डलरसम्मको हुन्छ ।
३. साना अनुदान कार्यक्रम : अनुदान रकम ५० हजार अमेरिकी डलरसम्मको हुन्छ ।

नेपालमा विश्व वातावरण कोषको साना अनुदान कार्यक्रम सन् १९९९ देखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममार्फत् सञ्चालन भएको हो । जैविक विविधता संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण, अन्तर्राष्ट्रिय जल संरक्षण, भू-आकर्षण नियन्त्रण तथा हानिकारक रसायन न्यूनीकरण कोषका लक्षित क्षेत्रहरु हुन । यही




लक्षित क्षेत्रहरु अन्तर्गत रही सामुदायिक वा गैरसरकारी संस्थालाई नौलो वा प्रदर्शनमुखी कार्यक्रम संचालन गर्न अनुदान दिदै आएको छ । हालसम्म यस कार्यक्रमले २३० वटा कार्यक्रमलाई सहयोग प्रदान गरिसकेको छ । जसमध्ये ७७ वटा कार्यक्रम जैविक विविधता संरक्षण, ६५ वटा जलवायु परिवर्तन न्युनीकरण, ५० वटा भू-आकर्षण न्यूनीकरण, ११ वटा अन्तर्राष्ट्रिय जल, ६ वटा हानिकारक रसायन न्यूनीकरण तथा १७ वटा क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु पर्दछन । यसैगरी ४ वटा जल संरक्षणसम्वन्धी परियोजनालाई पनि सहयोग गरेका थिए ।

## दाङ जिल्लामा साना अनुदान कार्यक्रम

सन २००१ देखि नै दाङ जिल्लामा साना अनुदान कार्यक्रम (एसजिपि) ले विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । हालसम्म यस

कार्यक्रमले चारवटा गैरसरकारी संस्थालाई छ वटा कार्यक्रमहरु गर्न अनुदान प्रदान गरेको छ । यी छ वटा मध्ये पाँचवटा कार्यक्रमहरु सम्पन्न भइसकेका छन भने जैविक कृषि प्रणाली सम्वन्धी कार्यक्रम अझै सञ्चालित छ । यी कार्यक्रमहरुको संक्षिप्त विवरण टेवल १ मा दिइएको छ ।

## दाङ जिल्लामा साना अनुदान कार्यक्रम

सन २००१ देखि नै दाङ जिल्लामा साना अनुदान कार्यक्रम (एसजिपि) ले विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । हालसम्म यस कार्यक्रमले चारवटा गैरसरकारी संस्थालाई छ वटा कार्यक्रमहरु गर्न अनुदान प्रदान गरेको छ । यी छ वटा मध्ये पाँचवटा कार्यक्रमहरु सम्पन्न भइसकेका छन् भने जैविक कृषि प्रणाली सम्वन्धित कार्यक्रम अझै सञ्चालित छ । यी कार्यक्रमहरुको संक्षिप्त विवरण टेवल १ मा दिइएको छ ।

**टेवल १ दाङ जिल्लामा साना अनुदान कार्यक्रमको संक्षिप्त विवरण**

| **क्र.स.** | **परियोजनाको नाम** | **सहयोगी संस्था** | **अवधि** | **एस जि पी अनुदान (USD)** | **स्थान** |
|---|---|---|---|---|---|
| १. | जखेराताल तथा चुरे संरक्षण परियोजना | सामुदायिक दिगो विकास संस्था | अप्रिल २००१- डिसेम्वर २००३ | ४०,००० | सोनपुर |
| २. | स्थानीय प्रयासमा जैविक विविधता संरक्षण परियोजना | जनचेतना सरोकार मञ्च | डिसेम्वर २००७- अक्टोवर २०१० | ३९,३२८ | विजौरी |
| ३. | जिविकोपार्जनको लागि सुगन्धकोकिला संरक्षण तथा वजार व्यवस्थापन परियोजना | जनचेतना सरोकार मञ्च | नाभेम्वर २०१२- डिसेम्वर २०१४ | ३२,०६१ | विजौरी, हलवार |
| ४. | दाङ उपत्यका जैविक विविधता संरक्षण तथा जिविकोपार्जन परियोजना | पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र | नाभेम्वर २०१२- मार्च २०१४ | २५,००० | रामपुर |
| ५. | वातावरणीय परिकल्पना -III | सामाजिक तथा वातावरणीय विकासका लागि युवा सञ्जाल | मे २०१७-डिसेम्वर २०१८ | ३९,८७५ | दाङ काठमाण्डौ र उदयपुर |
| ६. | जैविक विविधता संरक्षण तथा नमूना जैविक खेती परियोजना | पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र | जुन २०१८- मे २०२० | ३५०२८.५७ | घोराही उपमहानगर पालिका १-२, वुका गाउँ |
| **जम्मा** | **६ कार्यक्रम** | **४ सहयोगी संस्था** | | **२११,३०३** | |

## १) जखेरा ताल तथा चुरे संरक्षण परियोजना

दाङ जिल्लाकै महत्वपूर्ण जखेरा तालको संरक्षण गर्न यस कार्यक्रमले सामुदायिक दिगो विकास संस्थालाई सन् २००१ मा सहयोग गरेको थियो । तत्कालीन जिल्ला भू-संरक्षण कार्यालयसँग समन्वय गरी स्थानीय जनताको सक्रिय सहभागितामा त्यस तालको सिमाङ्कन गर्ने, सरसफाइ गर्ने, पानीको निकास व्यवस्थापन गर्ने तथा तालको जलाधार क्षेत्रमा चक्रीय चरिचरण आदि संरक्षणका पहलहरु शुरुवात गरिएका थिए । संरक्षणलाई स्थायित्व प्रदान गर्न यस कार्यक्रमले विभिन्न आर्थिक क्रियाकलापहरु पनि अघि वढाएको थियो । पर्यावरणीय पर्यटन विकासका लागि पिकनिक स्थलहरु विकाससंगै प्रवेशद्वार तथा टिकट घर निर्माणमा सहयोग गरेको थियो । सिचाईलाई व्यवस्थित गरी माछापालन तथा नौका विहारको शुरुवात गरेको थियो । आरआरएन तथा आरसिआइ डव्लुको सहयोगमा राजमार्गदेखि यस

तालसम्म जाने कच्चीबाटो निर्माण गरी बाटो किनारमा वृक्षारोपण गरेका थिए । हालयो ताल दाङ जिल्लाकै एक महत्वपूर्ण गन्तव्यको रुपमा विकास भएको छ ।

**२) स्थानीय प्रयासमा जैविक विविधता संरक्षण परियोजना**

दाङ जिल्लामा पाइने सुगन्धकोकिला तथा स्थानीय धान सिम्ठारोको संरक्षण हेतु साना अनुदान कार्यक्रमले जनचेतना सरोकार मञ्चलाई २००७ मा सहयोग गरेको थियो । स्थानीय जनताको सक्रिय सहभागितामा सुगन्धकोकिला संरक्षण गर्ने कार्य अभियानको रुपमा अगाडि बढाइयो । संस्थागत विकासका पहलस्वरुप हलवारमा सात तथा विजौरीमा पाँचवटा महिला समूह गठनसँगै ३०० महिलाहरु आवद्ध गरी संरक्षण शिक्षा शुरु गरेको थियो । सुगन्धकोकिला मूल संरक्षण समिति स्थापना गरी नर्सरी स्थापना गर्दै छ हेक्टर क्षेत्रफलमा सुगन्धकोकिलाको वृक्षारोपण गरिएको थियो । समूहलाई नै परिचालन गरी कागती, सुन्तला, वकेना तथा अमृसोप्रजातिका ११,००० विरुवा रोपन गरी स्थानीय जलाधार संरक्षणको शुरुवात गरिएको थियो । त्यसैगरी स्थानीय जनता तथा गाविसको पहलमा तथा कार्यक्रमको आंशिक अनुदानमा ४ कि. मि. पैदल वाटो तथा स्यालापानी, विजौरी तथा छिल्लीकोट जोड्ने १० कि. मि. मोटर बाटोको पनि निर्माण सम्पन्न गरेको थियो ।

**३) जीविकोपार्जनको लागि सुगन्धकोकिला संरक्षण तथा वजार व्यवस्थापन परियोजना**

पहिलो कार्यक्रमको सफल शुरुवातसँगै दोस्रो कार्यक्रमले संरक्षणको प्रयासलाई अझै मजवुत गर्ने प्रयास भयो । सुगन्धकोकिला संरक्षण तथा वजार विस्तार गर्न दुईवटा सामुदायिक वनका वन कार्य योजना संशोधनसँगै १३ हेक्टर वनमा सुगन्धकोकिला लगाउने काम गरियो । कार्यक्रमकै सहयोगमा महिलाहरुबाट सञ्चालित ३ वटा नर्सरीबाट उत्पादित सुगन्धकोकिला, टिमुर, रिट्ठा, कागती, तेजपातको लगायतका ३०,००० बोट वृक्षारोपण गरेका थिए । त्यसैगरी स्थानीय समूहले आफ्ना सात हेक्टर निजी जग्गामा पनि सुगन्धकोकिला रोप्ने काम गरेका थिए भने ६७ घरधुरीलाई सुगन्धकोकिला भण्डारणका लागि उचित पूर्वाधार विकास गर्न सहयोग पुऱ्याएको थियो । जिवीकोपार्जन क्रियाकलापअन्तर्गत छिल्लीकोटमा एक खानेपानी तथा १८० किसानलाई ६ वटा कृषक पाठशाला शुरु गरी अदुवा, वेसार, च्याउलगायत तरकारीहरुको जैविक खेती शुरु गरेका थिए । हाल दाङ जिल्लाको छिल्लीकोटलाई सुगन्धकोकिलाको राजधानी स्वरुप विस्तार भई यसको फल विक्रीबाट स्थानीय आयआर्जनमा टेवा पुऱ्याएको देखिन्छ ।

**४) दाङ उपत्यका जैविक विविधता संरक्षण तथा जीविकोपार्जन परियोजना**

साना अनुदान कार्यक्रमले विजौरीमा अवस्थित जटायु रेष्ट्रेन्ट सञ्चालन गर्न तथा रामपुर अवस्थित चरिङ्गे दह संरक्षण गर्न पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रलाई २०१४ मा सहयोग गरेको थियो । कार्यक्रमको सहयोगमा गिद्ध संरक्षणका लागि एफ.एम. मार्फत १२ वटा संरक्षणको श्रृङ्खला प्रसारण गरी गिद्धको महत्व तथा लोप हुँदै गइरहेको भयावह अवस्थावारे जनचेतना जगाउने काम शुरु भयो । स्थानीय जनताकै सकृयतामा गिद्ध संरक्षणको काम शुरु गरेसँगै उद्धारका काममा पनि यस केन्द्र सक्रिय देखिन्छ । डाइक्लोफेनोक औषधिले मरेका खाना वा विषादीयुक्त खाना (पशु वा चौपायाको सिनो) खाएर थला परेका गिद्धहरु यस केन्द्रमा ल्याई

उपचार गरी सकुशल उद्धार गर्दै आएका छन् ।

रामपुरस्थित चरिङ्गे दह संरक्षण गर्न सरसफाइसँगै १८८X११X५. घन मी. को चेक ड्याम निर्माण गरेका थिए । यसवाट पाँच लाख लिटरभन्दा वढी पानी भण्डारण भई करिव ३५ हेक्टर जमिनमा सिचाई सुविधा उपलव्ध भएको छ भने चरिङ्गे दहलाई पिकनिकस्थलको रुपमा विकास गरिएको छ ।

स्थानीय क्षमतामा अभिवृद्धि गर्न परियोजनाले बीउ पूँजीको रुपमा ६ महिला समूह प्रत्येकलाई रु. २० हजारको दरले रु. एक लाख २० हजार दिएको थियो । हाल यो पूँजीमा वृद्धि भई २५०,००० भन्दा वढी भइसकेको देखिन्छ । त्यसैगरी ३७ जना महिलाले तालिमपश्चात च्याउ खेती शुरु गरेका थिए भने २०० घरमा सुधारिएको चुल्हो निर्माण गरेका थिए । केन्द्रले जिल्ला विकास समिति तथा संघीय मामिला मन्त्रालयको सहयोगमा वातावरणीय सूचना केन्द्रको स्थापनाको पहल शुरु गरेको छ । यसरी संरक्षणमा सह्रानीय कामको कदर गर्दै यस संस्थाले वातावरण संरक्षण राष्ट्रिय पुरस्कार २०७५ जित्न सफल भएको थियो ।

## ५. वातावरणीय परिकल्पना-III(स्मृतिवाटिका निर्माण)

साना अनुदान कार्यक्रमले दाङ लगायत अन्य २ ठाउँमा स्मृतिवाटिका निर्माणको नौलो प्रयासका लागि सामाजिक तथा वातावरणीय विकासका लागि युवा सञ्जाललाई सन् २०१६ मा अनुदान सहयोग गरेको थियो । यस कार्यक्रम अन्तर्गत खेर गइरहेको शहरी जग्गामा पार्क निर्माण गरी शहरको वातावरणलाई स्वच्छ राख्ने प्रयास गरेको छ । शहरको फोक्सोकोरुपमा चिनिने यस्ता पार्कहरु मानवीय स्वास्थ्यका लागि पनि अपरिहार्य मानिन्छन् । यस्ता पार्क निर्माण गर्दा पहिले विरुवा रोप्ने खाका तयार गरिन्छ र त्यस स्थानको अनुकूल विरुवाको चयन गरिन्छ । कसैको स्मृतिका नाममा वृक्षारोपण गर्न वृक्षारोपण गर्नेले प्रति विरुवा रु १,००० शुल्क तिरी विरुवा लगाइन्छ र ती व्यक्तिहरुको नाममा सानो साइन वोर्डसहित स्मृतिको रुपमा त्यस वाटिकामा राखिन्छ । यसरी संकलित रकम विरुवा हेरचाहमा लगाईन्छ । संजालले दाङस्थित श्री वराहक्षेत्र उच्च माध्यामिक विद्यालयको प्राङ्गणमा ०.६ हेक्टर क्षेत्रफलमा ५३२ वटा विरुवा लगाई संरक्षण गर्दै आएको छ । सो वाटिका निर्माणमा त्यस विद्यालय तथा विद्यालयका पूर्व विद्यार्थीहरुको सक्रिय सहभागिता थियो भने घोराही उप-महानगरपालिका, नेश्नल कलेज, छाया नेपाल, दश हजार वृक्ष लगायतका संस्थाहरुले सहलगानी गरेका थिए ।

## ६. जैविक विविधता संरक्षण तथा नमूना जैविक खेती परियोजना

पहिलो कार्यक्रमको सफल कायान्वयन पश्चात साना अनुदान कार्यक्रले वातावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्रलाई दोस्रो अनुदान सन २०१८ मा सहयोग गरेको छ । पहिलो कार्यक्रमको प्रभावलाई स्थायित्व दिन तथा दाङको वुका क्षेत्रलाई जैविक कृषि क्षेत्रको रुपमा विकास गर्न यस कार्यक्रम संचालन गरिएको हो ।

वातावरण संरक्षण निरन्तर प्रक्रिया भएकाले यस कार्यक्रमले गरेका उपलव्धिहरुलाई संस्थागत गर्न जरुरी छ । सफल क्रियाकलापको अनुसरन तथा विस्तारसँगै संरक्षण कार्यमा सवै निकायको सहयोग अपरिहार्य छ ।



# मानवकै कारण वातावरणको अस्तित्व मेटिदै

- तुल्सीराम वली

वतावरण भन्नाले हामी दुई किसिमले वुझ्ने गर्दछौं । एउटा प्राकृतिक वातावरण र अर्को सामाजिक, सांस्कृतिक वातावरण । प्राकृतिक वातावरण भन्नाले जो प्रकृतिले निःशुल्क प्रदान गरेको परिवर्तन गर्न नसकिने जस्तै हावापानी, माटो, वन जंगल, पशुपंक्षी, तापक्रम, खनिज आदि प्राकृतिक वातावरण अन्तर्गत पर्दछन् भनेर वुझ्दछौं भने सामाजिक, सांस्कृतिक वातावरण अन्तर्गत मूल्य, रिती, परम्परा, धर्म, सामाजिक संगठन, लेनदेन आदि सामाजिक, सांस्कृतिक वातावरणभित्र पर्दछन भनेर वुझ्छौं । मानव वाहेक पृथ्वीका सम्पूर्ण प्राणी प्राकृतिक वातावरणलाई नै घर बनाएका हुन्छन् अर्थात उनीहरु बाँच्ने भनेकै प्राकृतिक वातावरणमा नै हो । मानवले भने दुवै वातावरणको उत्तिकै प्रयोग गरेको हुन्छ । त्यसैले बाँच्नका लागि वातावरणको अत्यन्तै महत्व हुन्छ । वातावरणले जीवनका लागि आवश्यक श्रोतहरु उपलब्ध गराउने हुनाले वातावरण सम्पूर्ण प्राणीको घर हो भन्दा फरक पर्दैन ।

वातावरण जीवनको अस्तित्वसँग जोडिएको विषय हुँदाहुँदै पनि मानवकै कारण आज वातावरण सकिदै जान थालेको छ । अर्थात वातावरण मानवका लागि अनुपयुक्त हुँदै जान थालेको छ । प्रकृतिले मानव उपयोगका निम्ति निःशुल्क प्रदान गरेको वातावरण आज मानवकै कारण अर्थात विकासको नाममा संकटमा पर्दै गइरहेको छ । क्षणिक फाइदालाई मात्र हेर्ने परिपाटी मानिसमा भएकै कारण भविष्यमा नराम्रो परिणाम भोग्न हाम्रा भावी सन्तान वाध्य हुनेछन् । अझ पनि मानिसमा वातावरणप्रति सकारात्मक चेतना फैलिन सकेको छैन । प्राकृतिक श्रोत साधनको अत्यधिक प्रयोगले आज मानवलाई नै संकटमा पार्न लागिपरेको छ । ओजन तहको विनाशका कारण सूर्यबाट अत्यधिक रुपमा आउने परावैजनिक किरण पृथ्वीमा आउने र पृथ्वीबाट माथि फर्केर जाने वातावरण नभएकै कारण पृथ्वीमा विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, मरुभूमिकरण जस्ता समस्या अत्यधिक मात्रामा देखापरिरहेका छन् । विकासका नाममा वातावरणलाई असर पर्ने काम पनि अत्यधिक भइरहेका छन् । जस्तै वायु प्रदूषण, जल प्रदूषण, र ध्वनी प्रद्रषण, वायु प्रदूषण कलकारखाना, गाडी-मोटरहरुले अत्यधिक गरिरहेका छन् भने विभिन्न कारखाना अव्यवस्थित तरकाले सञ्चालन गर्दा जल प्रदूषण हुन सहयोग पुगेको छ र

कलकारखानाकै कारण ध्वनी प्रदूषणमा थप टेवा पुगेको छ । यसकै कारण मानसिक रोग र क्यान्सर जस्ता डरलाग्दा रोगहरु पनि बढिरहेका छन् । यदि वातावरणलाई प्रदूषण हुने कुनै पनि कामको परीक्षण गरी त्यसलाई कम गराउनतिर लागिएन भने केही शताव्दीपछि प्राणीको अस्तित्व नै नमेटिएला भन्न सकिदैन । यसका लागि वातावरण प्रदूषण हुने काम गर्दा कम प्रदूषण कसरी गर्न सकिन्छ त्यसतर्फ सम्वन्धित निकायले चासो दिन आवश्यक छ। अर्थात प्रदूषणको मात्रा हेरेर त्यसको दोब्बर वातावरण संरक्षणको काम गर्न लगाउने हो भने पनि वातावरण संरक्षणमा केही सहयोग पुग्ने छ ।

अबका विकासे योजनाहरु वातावरणसँग जोडिएर गर्नुपर्ने बेला भएको छ । कुनै पनि विकास गर्दा वातावरणको पनि विकास हुने काम गरियो भने पनि वातावरण संरक्षणमा केही सहयोग पुग्ने छ । वातावरण व्यक्तिको दैनिक जीवनयापन निर्वाह गर्ने आवश्यक माध्यम हो । यदि यसको सही सदुपयोग गर्न सकिएन र अहिलेको तरीकाले वातावरणलाई असर पर्ने काम मानवले गरिरहने हो भने केही शताब्दी पछिका प्राणीहरु वातावरणमा अनुकूलन हुन सक्ने छैनन् र प्राणीको अस्तित्व मासिदै जानेछ । जस्तोकी केही शताब्दी पहिले जसरी पृथ्वीबाट डाइनोसर लोप भएर गयो, त्यसरी नै अन्य प्राणी पनि लोप भएर जानेछन् । अहिलेको विकासले भावी पुस्तालाई कुनै पनि असर गर्दैन भने मात्र त्यो विकास वातावरण संरक्षणको लागि गरिएको विकास अर्थात वास्तविक दिगो विकासभित्र पर्दछ र विकासका योजनाकारहरु वातावरण संरक्षणमा लागेका हुनेछन् । विकासको नाममा कुनै पनि प्राणीको बाँच्न पाउने अधिकार हनन् गर्नु हुँदैन तर पृथ्वीमा मानिसकै कारण यसो भइरहेको छ । अब कत्ति पनि ढिला नगरी जुनकुनै विकासे काम गर्दा पनि भावी पुस्तालाई कुनै पनि असर नपर्नेखाले विकास गर्न जरुरी छ र सरकारी निकायबाट पनि यस किसिमको विकासका लागि नीति नियमहरु लागु गरी अबको विकासमा वातावरण संरक्षण सहितको विकास गर्नतिर कडाइका साथ लाग्न जरुरी छ । कुनै पनि विकास गर्दा वातावरण नोक्सानीको पूर्वमूल्याङ्कन गर्नुपर्दछ । यसो गर्दा वातावरणमा कति नोक्सानी भयो भनेर थाहा भएमा संरक्षण गर्नमा सहयोग पुग्नेछ । जस्तो कि वातावरण संरक्षणको काम कति गर्ने भन्ने अनुमान गर्न सजिलो हुन्छ । स्वच्छ वातावरण हाम्रो मात्र नभई हाम्रो भावी पुस्ताको पनि हो । त्यसैले हामीले हाम्रो भावी पुस्तालाई स्वच्छ वातावरण प्रदान गर्न सकेनौ भने हामीलाई सराप्नेछन् । त्यसैले वातावरण संरक्षेणका लागि आजैदेखि आफ्नो क्षेत्रबाट लागि परौ ।



# स्तनधारी तर खुल्ला आकाशमा उड्ने चमेरा

- सृष्टि खड्का वली


हाम्रो वरपर देखिने पन्क्षी आकारको चमेरा स्तनधारी जीवभित्र पर्दछ । यो "काइरोप्टेरस" समूहमा पर्दछ । काइरोप्टेरस ग्रीस भाषाबाट उत्पत्ति भएर आएको शब्द हो भनेर पढ्न पाइन्छ । चमेराको तीखो कोणाकारका पखेट्टाहरु हुन्छन् । पखेट्टाहरु मानिसका हात र पाखुरा जस्तै-जस्तै देखिन्छन । चमेरा एक मात्र यस्तो जीव हो, जो स्तनधारी भएर पनि खुल्ला आकाशमा उड्न सक्छ । यसो त अन्य जीवहरु पनि छन्, एक ठाउँबाट अर्को ठाउँसम्म उडेर जाने अर्थात हाम फाल्ने तर उनीहरुको उड्ने गति सीमित हुन्छ । निश्चित ठाउँसम्म मात्र उड्न सक्दछन् । चमेराको शारीरिक वनावट चङ्गा आकारको हुने गर्दछ । चमेरा जैविक विविधता संरक्षणमा अति नै उपयोगी जीव पनि मानिन्छ ।

विश्वमा पाइने चमेराहरु एघार सय प्रजातिका छन् भने यिनीहरुलाई दुई प्रकारका चमेरा भनेर वर्गीकरण गरिएको छ । एउटा मांशाहारी चमेरा र अर्को फलहारी चमेरा । मांशहारी चमेरा किरा, फट्याङ्ग्रा मात्र खाएर आफ्नो जीवन निर्वाहा गर्ने गर्दछ भने फलहारी चमेराले फलफूल खाएर जीवन निर्वाह गर्ने गर्दछन् । आकारको हिसावमा मांशाहारी चमेरा भन्दा फलहारी चमेरा अलि ठूलो हुने गर्दछ । संख्याको तुलनामा मांशहारी चमेरा फलहारी चमेराको तुलनामा धेरै हुने गरेको विज्ञहरुको भनाई छ । चमेराहरु विभिन्न आकार र रङमा पाइने गर्दछन् । धेरै मात्रामा कालो र खैरो देखिए पनि केही चमेरा अन्य रङमा पनि देखिने गर्दछन भने केही धर्सा र थोप्ला-थोप्ला आकारमा पनि देखिने गरेको पढ्न पाइन्छ । नेपालमा कति प्रजातिको चमेरा पाइन्छन्, त्यसको तथ्याङ्क भने अहिलेसम्म कसैले पनि सार्वजनिक गरेको गरेको थाहा पाइएको छैन । चमेराहरु विशेषगरी रुख र बाँसका झ्याङहरुमा टाउको तल गरी झुण्डिएर बस्ने गर्दछन् । चेप्टो परेको टाउको भएको यो जीव रातको समयमा वढी सकृय रहेको देख्न सकिन्छ । चमेराको प्रजाति अनुसार विश्वकै ठूलो चमेरा अन्तर्गत ग्रेन्ट गोल्डेनक्रेन्ट फेलीनग फेक्स नाम गरेको विश्वमै सबैभन्दा ठूलो चमेरा मानिएको छ । जसको पखेटा नै झण्डै दुई मिटर लामो हुने गर्दछ भने विश्वमै सवैभन्दा सानो मनिएको चमेरा बम्ल्बेबी ब्याट नाम गरेको चमेरा हो । यस प्रजातिको चमेरा दक्षिण र दक्षिणपूर्वी एशियामा बढी मात्रमा

पाइन्छन । यस प्रजातिको चमेरा सलाईको वट्टामा आटाउन सक्ने अध्ययनले वताएको छ ।

पर्यावरण संरक्षण र जैविक विविधतामा अति नै उपयोगी मानिने जीव चमेराका गुणको वारेमा हामीलाई थाहा छैन । थाहा छ त केवल चमेराको मासु स्वादिला हुन्छ र चमेराको मासु औषधि हुन्छ भन्ने । वास्तवमा यो नै गलत हो कि चमेराको मासु औषधि हुन्छ र स्वादिलो हुन्छ । अनि हामीलाई थाहा छैन चमेराले गर्ने मानव उपयोगी कामहरुको वारेमा पनि । चमेराले गर्ने मानव उपयोगी काममध्ये एक यस्तो मानव उपयोगी काम गर्छ कि जसको लागि हामीले धन र समय खर्च गरिरहेका हुन्छौं । गर्मी मौसम शुरु भएसँगै अत्यधिक दु:ख दिने लामखुट्टे मार्नलाई वा नियन्त्रणमा लिनलाई अनेकौ उपाय अपनाउँछौ । धेरै रकम पनि स्वाहा पारिरहेका हुन्छौं लामखुट्टे नियन्त्रणका लागि । हामी जानकार छैनौं चमेराले लामखुट्टे नियन्त्रण गर्छ भनेर । विज्ञहरुका अनुसार चमेराले एक घण्टाको अवधिमा दुई हजार लामखुट्टेको शिकार गर्ने गर्दछ । लामखुट्टे नियन्त्रणसँगै अन्य मानव उपयोगी काममा विभिन्न अन्नवालीलाई नोक्सानी पुऱ्याउने किराहरुको नष्ट गर्न सक्रिय नै हुन्छ । चमेरा पर्यावरण र जैविक विविधताको दृष्टिकोणले पनि अति नै उपयोगी मानिन्छन् । खासगरी फलहारी चमेरा वनजंगल जोगाउन र बिउबिजन परागसेचन गरेर फूलहरुको फर्टीलाईट गरी वनजंगल जोगाउन मद्दत गरिरहेका हुन्छन भने मांशहारी चमेराहरुले पनि मानिस र विभिन्न अन्नवालीका लागि हानीकारक मानिने किराहरुलाई खाएर वा मारेर मद्दत पुऱ्याउने काममा लागिरहेका हुन्छन् । यस्तो मानव उपयोगी जीव किन मारिन्छ ? किन आवाज उठाइँदैन संरक्षणको लागि ? कता-कता त झन खुलेआम चमेराको मासुको व्यापार गरिन्छ भनेर पनि सुन्ने गरिन्छ । त्यस्ता खुलेआम रुपमा चमेराको शिकार गर्न पाइन्छ या पाइदैन त्यो त थाहा भएन तर नपाईनु पर्ने हो ।

कुनै पनि जीवको संरक्षण गर्नुपर्छ भनेर आवाज उठाउनेहरुलाई सम्वन्धित निकायले आवश्यक सहयोग गर्न पनि जरुरी छ । त्यसैले पर्यावरण संरक्षण र जैविक विविधतामा चमेरा अति नै उपयोगी जीव रहेकाले यसलाई पनि संरक्षण गर्न योग्य भएकोले अब जैविक विविधताप्रेमीहरु चमेरा संरक्षणको कुरा उठाऔं र संरक्षणमा लागि परौं ।



# चरा संरक्षणमा अग्रणी नेपाल पन्छी संरक्षण संघ

- अंकित विलाश जोशी

नेपालमा ८८६ भन्दा बढी प्रजातिका चराहरु पाइन्छन् । नेपालले विश्व भूगोलको ०.०३ प्रतिशत भू-भाग मात्र ओगट्दा चरा प्रजातिमा भने करीव ९ प्रतिशत हिस्सा ओगट्नुले पनि नेपालको उच्च जैविक विविधताको पुष्टि गर्छ । नेपाल यहाँका रैथाने प्रजाति सँगसँगै बसाइसराई गरी आउने चराहरुको पनि उत्तम आश्रयस्थल हो । हिउँद यामको शुरुवातसँगै बढ्दो जाडो छल्न अनकूल मौसम, सुरक्षित बासस्थान र चरनको खोजीमा वर्षेनी करीव १ सय ५० प्रजातिका चराहरु उत्तरी मुलुकहरु रुस, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मङ्गोलियाका साथै यूरोप, कोरिया तथा तिब्बती क्षेत्रहरुबाट नेपालमा आउने गर्दछन् । यसैगरी करीब पचास प्रजातिका वटुवा चराहरु जाडोयाममा नै नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान र श्रीलङ्कातिर जाने गर्दछन् । यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक चराहरु नेपालका प्रमुख सिमसार क्षेत्रहरु कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, विसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीहरुमा नै मूल रुपमा आफ्नो समय व्यतीत गर्दछन् । जाडो याममा नेपालमा बसाई सरी आउने चराहरुको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिहरुमा शिकारी तथा मांशहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, भ्याप्सी, भद्राई आदि पर्दछन् ।

जाडो सकिदै गर्दा हिउँदे आगन्तुक चराहरु आ-आफ्नो देश फिरिसकेका हुन्छन् भने दक्षिणी मुलुकहरु र अफ्रिकासम्मबाट हजारौं गृष्मकालीन आगन्तुक चराहरु बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन् । यी चराहरु असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । यसरी आउने करीव चालिस प्रजातिका चराहरुको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ भने अन्य मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन । गृष्मकालीन आगन्तुक चराहरुको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसे मैदान तथा कृषि भूमि हुन् । यसरी नेपालमा हिउँदमा आउने हिउँदे आगन्तुक र बसन्त ऋतुको आगमनसँगै आउने गृष्मकालीन आगन्तुक गरी पाहुना चराहरुको आउने र जाने क्रम वर्षभरि नै निरन्तर चलिरहन्छ ।

तर पछिल्ला दशकहरुमा खासगरी मानवीय क्रियाकलापहरुको परिणामस्वरुप बासस्थान संकुचन तथा विनाश, रासायनिक मल र विषादिको बढ्दो प्रयोग, वन फँडानी र अतिक्रमण, वन डढेलो, घाँसे मैदानको नाश, अवैध चरा शिकार तथा व्यापार, बदलिंदो तापमान र मौसम परिवर्तन जस्ता कारणहरुले थुप्रै प्रजातिका चराहरुले संकट भेलिरहेका छन् । नेपालबाट हालसम्म आठ प्रजातिका चराहरु लोप भैसकेका छन् भने १६७ प्रजातिका चराहरु राष्ट्रिय रुपमा संकटापन्न अवस्थामा छन् । विश्वमै दुर्लभ मानिएका ४० प्रजातिका चराहरु नेपालमा पाइन्छन् । नेपालमा बासस्थान विनाशले नै ८६ प्रतिशत चराहरु संकटापन्न अवस्थामा पुगेका छन्, जसले नेपालको बिग्रदो वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतहरुको ह्रासलाई जनाउँछ ।

यिनै संकटापन्न चराहरुको अध्ययन, अनुसन्धान र संरक्षणका साथै समुदायमा आधारित चराको बासस्थान संरक्षणमा समर्पित संस्था हो नेपाल पन्छी संरक्षण संघ । सन् १९८२ मा स्थापना भएको यस संघले नेपालमा पन्छी, तिनीहरुको वासस्थान तथा मुख्य क्षेत्र संरक्षणमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ । विश्वभर १२२ वटा संस्थाहरुको सञ्जाल रहेको बर्डलाइफ इन्टरनेशनलको नेपाल साझेदार यस संघले गिद्ध, खरमजुर जस्ता लोपोन्मुख, अति संकटापन्न तथा दुर्लभ चराहरुको वैज्ञानिक अध्ययन तथा संरक्षणमा विश्वमै उदारणीय कार्यहरु गर्दै आएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमार्फत नेपाल सरकारलाई वैज्ञानिक तथ्याङ्क तथा विशेषज्ञ सेवा पनि प्रदान गर्दै आइरहेको छ । यसका साथै नेपाल सरकार र मातहतका निकायहरु, विभिन्न संरक्षण संस्थाहरु र स्थानीय समुदायहरुसँग समन्वय गर्दै नेपालमा पन्छी एवं जैविक विविधता संरक्षण, आम सर्वसाधारणमा पन्छीप्रति उत्सुकता एवं जागरण गराउने र त्यहाँका स्थानीय समुदायको जीविकोपार्जनका कार्यहरुमा सघाउ पुऱ्याउने काम गरिरहेको छ। नेपाल पन्छी संरक्षण संघ सदस्यतामा आधारित संस्था भएकोले खासमा यो सबैको साझा संस्था हो । यस संघले संस्थापक अध्यक्ष, संरक्षकहरु, आजीवन सदस्यहरु, साधारण सदस्यहरु, शुभचिन्तक, क्रियाशील समर्थक, विद्यार्थी, व्यवसायिक व्यक्ति तथा संरक्षणवादीहरु सबैलाई समेट्ने प्रयास गरिरहेको छ ।

चरा संरक्षण विशुद्ध एकल संस्थाको अभियानले मात्र सम्भव हुन सक्दैन । यसलाई सहभागितामूलक जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन एवम पर्यटन उधोग र विकास सँगसँगै लैजानु पर्दछ । यस मूल मन्त्रलाई अनुशरण गर्दै नेपाल पन्छी संरक्षण संघले आफ्नो रणनैतिक कार्य पूरा गर्न स्वदेशमा रहेका स्थानीय तहमा कार्य गर्ने, राष्ट्रिय तहका तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग साझेदारी गर्दै संरक्षण सञ्जाल निर्माणको अभियानमा साझेदारी गरौं । हाम्रो सुन्दर भविष्यका लागि यथेष्ट रुपमा पन्छीका संख्या हुनुपर्दछ, जसले जीव परिवृत्ति चक्रको प्रतिरुप विम्वित गर्दछ । त्यसैले पन्छी तथा तिनको वासस्थान संरक्षणका लागि तपाइँको सहयोग आवश्यक छ । नेपालका चराहरु तथा जैविक विविधता संरक्षणमा तपाईंले संघको सदस्यता लिएर सहयोग गर्न सक्नुहुनेछ । यसमा आवद्ध भएर तपाइँले विभिन्न ज्ञान त अवश्य पाउनु हुने नै छ, यसका साथै संरक्षण जस्तो महत्वपूर्ण कुरामा समेत सहयोग पुग्नेछ । नेपालमा चरा अवलोकनका लागि पनि थुप्रै बाह्य पर्यटकहरुको आगमन हुने हुनाले चराहरुको संरक्षण तथा बासस्थान व्यवस्थापन गर्न गरियो भने निश्चय नै हाम्रो देशलाई चरा अवलोकनका लागि उत्कृष्ट आकर्षक गन्तव्यको रुपमा परिचित बनाउन पनि सकिन्छ । जसले स्वभाविक रुपमा पर्यापर्यटन प्रवर्द्धन र देशको कूल ग्राहस्थ उत्पादनमा टेवा पुऱ्याउने छ । चरा र जैविक विविधता संरक्षणमा जनसहभागिता र जनचासो अपरिहार्य छ, साथै दीर्घकालीन संरक्षण स्थानीय समुदाय, परम्परागत जाति, संरक्षण समूहहरु, राजनैतिक शक्ति, सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वयात्मक क्रियाशीलता, एकीकृत सोच, अवधारणा र कार्यक्रमहरुबाट नै सम्भव छ । यसका साथै चराहरु उड्ने भएकोले एक देशबाट अर्को देशमा सहजै जाने आउने गर्ने हुँदा संरक्षणका लागि अन्तरदेशीय सहकार्यको पनि अपरिहार्यता छ । नेपालमा हालसम्म पहिचान गरिएका ३७ चरा र जैविक विविधताका लागि महत्वपूर्ण क्षेत्रहरुको नियमित अध्ययन, तथ्याङ्क अध्यावधिक तथा क्षेत्र विस्तारका साथै सम्भावित नयाँ क्षेत्रको पहिचान एवम विस्तृत अध्ययन अनुसन्धान र संरक्षणमुखी क्रियाकलापको खाँचो छ । चराहरु पर्यावरणीय सन्तुलनको आधार, जैविक विविधताको महत्वपूर्ण सूचक र पर्यापर्यटनको प्रमुख आकर्षण मात्र होइन, धार्मिक र सांस्कृतिक आस्थाका पुञ्ज पनि हुन् । तसर्थ चरा संरक्षण गर्नु र जैविक सन्तुलन कायम गर्नु तपाइँ हाम्रो कर्तव्य हो ।

*जीव विज्ञ, गिद्ध संरक्षण कार्यक्रम*
*नेपाल पन्छी संरक्षण संघ*
*ankit@birdlifenepal.org*



# अर्गानिक तरकारी खेती अवसर र चुनौतीहरू

- कमलराज पोखेल

वस्तुको उत्पादन बृद्धि र गुणस्तरयुक्त वस्तु उत्पादनलाई सँगसँगै लैजानु किसानहरुको लागि प्रमुख दायित्व हुन्छ । विगत केही समय पहिले खेती प्रणालीको उत्पादनलाइ मात्र प्रमुख महत्वको साथ हेरिन्थ्यो । समयको परिवर्तन सँगसँगै कृषि उपज वस्तुहरुको उत्पादनसँग उत्पादित वस्तुको गुणस्तर स्वच्छ र स्वास्थ्यको लागि फाइदाजनक हुन आवश्यक छ ।

जब किसानहरुका लागि कृषि उपज (तरकारी खेती) जीविकोपार्जनको माध्यम बन्न थाल्यो, किसानहरुको बिस्तारै बिस्तारै तरकारी खेतीप्रति आकर्षण बढ्दै गयो र तरकारी खेतीमा लाग्ने रोग किरा नियन्त्रणको लागि बिषादिको प्रयोग उत्तिकै बढ्दै गयो । किसानले उत्पादन गरेको तरकारी स्वयं किसानले उपयोग गर्दै बजारमार्फत उपभोक्तासम्म पुग्दा, बिषादियुक्त तरकारी पुग्ने गरेको यदाकदा गुनासाहरु सुन्न पाइन्छ । फलस्वरुप किसानको साथसाथै कृषिउपज वस्तुको उपभोगकर्तामा अल्पकालीन र दीर्घकालीन रोगका कारण थुप्रै समस्या झेल्नुपरेको देखिन्छ । यस्तो अवस्था सृजना हुनुमा राज्यले किसानलाई विषादिबाट हुने हानी नोक्सानीको बारेमा सही ज्ञान दिन नसक्नु, राज्यले खेती प्रणालीमा प्रयोग हुने खतरायुक्त विषादिहरुलाई नियन्त्रण गर्न नसक्नु हो । मानव जातीमा हुने दीर्घकालीन र अल्पकालीन रोगको बारेमा ज्ञान नहुनुले नै कृषि उपजलाई विषादिमुक्त बनाउन नसकेको अवस्था छ ।

अत: रसायनिक खेती प्रणालीलाई सुधार गर्दै अर्गानिक खेती प्रणालीमा किसानलाई उत्प्रेरणा जगाउने उद्देश्यले घोराही उपमहानगरपालिका वाड नं. १ र २ बुका गाउँमा प्रयावरणीय दिगो विकास एवं अनुसन्धान केन्दले UNDP/GEF/SGP/ को आर्थिक सहयोगमा अर्गानिक खेतीसँग सम्बनधित कार्यक्रममा यहाँका महिलाहरुको ५ वटा समूह गठन गरी समूहमार्फत बचत सङ्कलन, वातावरण संरक्षण र जैविक विविधता पहिचान र त्यसको संरक्षण, अर्गानिक खेतीप्रति अग्रसरता लगायतका कार्यको शुरुवात गरेको छ । फलस्वरुप निकट भविष्यमा यहाँका किसानमा अर्गानिक खेती प्रणालीको महत्व बुझी अर्गानिक खेती प्रणालीलाई अबलम्बन गरी उपभोक्ताहरुले विषादिमुक्त कृषिउपज उत्पादन गर्ने वातावरणको सृजना गर्न अर्गानिक तरकारी खेती कार्यक्रम शुरुवात भएकोमा संस्थाप्रति आभार ब्यक्त गर्दछौं । यो कार्यक्रमलाई सफल बनाउन राज्यको,

किसानको र सहयोगी संस्थाको भूमिका बराबर हुने विश्वास छ ।

किसानले सजिलैसँग गर्न सकिने अर्गानिक खेती प्रणाली भनेको रासायनिक मलखाद, बिषादि प्रयोग नगरी गरीने कृषि कार्य नै अर्गानिक हो । जसका लागि प्रांगारिक तत्वको बृद्धि गरेर गरिने खेती प्रणाली, गोठे मलको प्रयोग, हरियो मल (ढैंचा, अँसुरो) को प्रयोग, घुम्ते बाली प्रणाली समेत अपनाएर खेती गर्ने, किराबाट बालीमा क्षति कम गर्न बालीको वरिपरि सयपत्री फूल लगाउँदा बालीमा लाग्ने किरा फूलमा झुम्ने भई किराबाट बाली बचाउन सकिन्छ ।

किसानले जैविक बिषादि घरमै बनाएर रोग किरा नष्ट गर्न सकिने, बनष्पति विषादि (सिस्नु, निम, असुरो, तितेपाती, बोजो, टिमुर, गौमुत्र) प्रयोग गरी बनाएको बिषादिबाट बालीमा लाग्ने हानिकारक रोगकिरा नष्ट गर्न सकिने छ । अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गर्न राज्यको तर्फबाट उत्पादित बस्तु किसानलाई फाइदा पुग्ने गरी बजारको ग्यारेन्टी हुनुपर्दछ । रसायनिक खेती प्रणालीबाट उत्पादित कृषि उपजभन्दा अर्गानिक खेती प्रणालीबाट उत्पादन कम हुने भएकाले राज्यले मल, बीऊ लगायतमा अनुदान उपलब्ध गराउनु पर्दछ । रसायनिक खेती प्रणालीबाट मानव शरीरमा हुने हानी नोक्सानीको बारेमा किसानलाई सचेत बनाउने कार्य भएमा अर्गानिक खेती प्रणालीप्रति किसानको आकर्षण बढ्ने छ ।

*-लेखक बुका, दाङ निवासी हुनुहुन्छ ।*

# पाक्षिक रेडियो कार्यक्रम सञ्चालन

जैविक विविधता संरक्षण र पर्यावरणीय विकासका लागि पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र नेपालद्वारा उत्पादित कार्यक्रम पर्यावरण सन्देश प्रसारण भइरहेको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यूएनडिपिको जिइएफ/एसजिपीको सहयोगमा कार्यक्रम सञ्चालन भइरहेको संस्थाले जनाएको छ ।

हरेक महिनाको पहिलो र अन्तिम आइतवार बिहान साढे ७ देखि ८ बजेसम्म रेडियो मध्यपश्चिम ९१ थोप्लो ४ मेघाहर्ज र इन्टरनेटमार्फत www.radiomp.org बाट एकैसाथ सुन्न सकिने कार्यक्रम सञ्चालक पत्रकार नरेन्द्र केसीले जानकारी दिनुभयो ।

जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउने विविध सामग्री प्रस्तुत गर्ने गरिएको छ । 'हामी पर्यावरण गतिबिधि र पर्यावरण संरक्षणका लागि भइरहेका प्रयासबारे पर्यावरण संवाद प्रस्तुत गर्दछौं'- कार्यक्रम सञ्चालक केसीले भन्नुभयो- 'यसले पर्यावरण संरक्षणमा टेवा पुग्ने आम सरोकारवालाहरुको अपेक्षा छ ।'

अहिलेसम्म पर्यावरण बहसमा जिल्ला समन्वय समिति दाङका प्रमुख जितेन्द्रमान नेपाली, घोराही उपमहानगरपालिकाका उपप्रमुख सिता सिग्देल न्यौपाने, उपमहानगरका वातावरण समिति संयोजक शक्तिराम डाँगी, पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावत, मानव कल्याण तथा वातावरण संरक्षण मञ्चका कार्यक्रम प्रबन्धक प्रदीप मजौयालगायतले भाग लिइसक्नुभएको छ । कार्यक्रमले जिल्लाको पर्यावरण संरक्षण अभियानलाई थप उचाइ दिन सहयोग पुगेको स्थानीय सरकारका प्रमुखहरुले बताएका छन् ।

# पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र, दाङ

## UNDP/GEF/SGP Project 2018-2020

जैबिक विविधता संरक्षण एवं नमूना अर्ग्यानिक कृषि कार्यक्रम घोराही र तुलसीपुर उपमहानगरपालिका लागि बजेट सार्वजनिक कार्यक्रम २०७५ भदौ १४ गते (३५०२८.५७ युएस डलर) ।

| क्र.स | कार्यक्रमको नाम | स्थानीय लगानी | सरकार | UNDP/GEF/SGP | जम्मा |
|---|---|---|---|---|---|
| १. | अर्ग्यानिक तरकारी खेती (घोराहीतुलसीपुर) तालिम | दशहजार | बिस हजार | १ लाख ५० हजार | १ लाख ८० हजार |
| २. | अर्ग्यानिक तरकारी खेती अध्ययन अवलोकन (घोराहीतुलसीपुर) | | | १ लाख ५० हजार | १ लाख ५० हजार |
| ३. | चरिङ्गे तालको नहर मर्मत र बिस्तार | दशहजार | ५० हजार | ९५ हजार | १ लाख ५५ हजार |
| ४. | हरित गृह (टर्नेल) घोराही | ३ लाख | १५ लाख | ४ लाख | २२ लाख |
| ५. | अर्ग्यानिक मल खाडल निर्माण घोराही | २ लाख | | २ लाख | ४ लाख |
| ६. | गोठ भकारो सुधार | १ लाख ६५ हजार | २ लाख | २ लाख | ५ लाख ६५ हजार |
| ७. | तरकारीको बिउ बिजन खरीत बितरण | ५० हजार | ८० हजार | १ लाख २० हजार | २ लाख ५० हजार |
| ८. | बुका गाउँलाई रासायनिक मल र बिषदीमुक्त क्षेत्र घोषणा | | ५ हजार | ६० हजार | ६५ हजार |
| ९. | अर्ग्यानिक तरकारी भण्डार | १० हजार | २५ हजार | १ लाख | १ लाख ३५ हजार |
| १०. | जैविक बिबिधता संरक्षणको लागि तालिम गोष्ठी | | २० हजार | १ लाख | १ लाख २० हजार |
| ११. | तुलसीपुर १८ र १९ का सामुदायिक वनको तथ्याङ्क संकलन र प्रकाशन | ५ हजार | २० हजार | २ लाख | २ लाख २५ हजार |
| १२. | तुलसीपुर १८ मा पर्यावरण सूचना केन्द्रको भवन | २५ हजार | २५ हजार | ५ लाख | ५ लाख ५० हजार |
| १३. | स्तनधारी जनावर र चराको उद्दार उपचार | ५ हजार | २० हजार | ४० हजार | ६५ हजार |
| १४. | पर्यावरण सम्बन्धी गोष्ठी मनाउन | १० हजार | २० हजार | ५० हजार | ८० हजार |
| १५. | राप्ती पर्यावरण सन्देश पत्रिका प्रकाशन गर्न | १० हजार | २० हजार | ९० हजार | १ लाख २०हजार |
| १६. | ईको कलव गठन गर्न र सहयोग गर्न | ५ हजार | १० हजार | ६५ हजार | ८० हजार |
| १७. | रेडियो कार्यक्रम (पर्यावरणको विषयमा) | ५ हजार | २५ हजार | १ लाख १०हजार | १ लाख ४० हजार |
| १८. | महिलालाई सिप र नेतृत्व बिकास तालिम | ५ हजार | | १ लाख १५ हजार | १ लाख २० हजार |
| १९. | सहकारी संस्था बनाउन सहयोग | | | ५० हजार | ५० हजार |
| २०. | कृषि उत्पादनको बजारीकरण | ५ हजार | ५० हजार | ५० हजार | १ लाख ५ हजार |
| २१. | खर्च सार्वजनिक (३ पटक) दातृ निकायले आयोज नागर्ने कार्यक्रममा अनुभव आदानप्रदान | | | १ लाख ६० हजार | १ लाख ६० हजार |
| २२. | रिपोर्ट लेखा | | | ६० हजार | ६० हजार |
| २३. | प्रशासनिक खर्च | | | ६ लाख १३ हजार | ६ लाख १३ हजार |
| | ***जम्मा*** | **८ लाख २० हजार** | **२० लाख ९० हजार** | **३६ लाख ७८ हजार** | ***६५ लाख ८८ हजार*** |

## समाचारहरु-

# दशौं अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवस दाङमा

क्षितिज रावत

पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रले दशौ अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवस भदौ १४ गते मनाएको छ । संस्थाले घोराही उपमहानगरपालिका वडा नं. १ बुकाको चरिङ्गे तालमा प्रदेश नम्बर ५ का सभामुख पूर्ण घर्तीको प्रमुख आतिथ्यतामा मनाइएको हो ।

करिव २ सय ५० जनाको सहभागिता रहेको कार्यक्रममा बोल्ने बक्ताहरुले पृथ्वी मानव जीवनको लागि उपयुक्त बासस्थान निर्माणका लागि पर्यावरण संरक्षण आजको आवश्यकता रहेको बताएका थिए । बक्ताहरुले मानव जीवनका लागि पर्यावरणको दिगो संरक्षण गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

युएनडिपि, जिईएफ/एसजिपी र नेपाल पन्क्षी संरक्षण संघको सहयोगमा पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान केन्द्रको आयोजनामा गरेको कार्यक्रमका प्रमुख अतिथि प्रदेश नम्बर ५ का सभामुख पूर्णबहादुर घर्तीले गिद्ध संरक्षण राज्यको दायित्व भए पनि सम्पूर्ण नागरिकको सहयोग आवश्यक रहेको बताउनुभएको थियो । उहाँले जसले जहाँबाट सक्छ, त्यहाँबाट सहयोग गर्न पनि आग्रह गर्नुभएको थियो । प्रकृतिको निःशुल्क कुचीकार गिद्धले प्रकृतिलाई सफा राख्न निकै ठूलो भूमिका खेलेकाले गिद्ध संरक्षण अभियानमा सवै लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा बिशिष्ट अतिथि प्रदेश सभा सदस्य अमरबहादुर डाँगीले प्रकृतिको बिरुद्धमा कुनै पनि अस्तित्वले जीवन प्राप्त गर्न नसक्ने भन्दै मानव जीवनलाई सुरक्षित बनाउनका लागि सम्पूर्ण जगतको सुरक्षा आवश्यक रहेको बताउनुभएको थियो । मानव विवेकशील प्राणी भएकाले अन्य चराचुरंगी जीव जन्तुको बासस्थानको सुरक्षाका लागि योजना बनाउनुपर्ने अवस्था आइसकेको उहाको भनाई थियो ।

कार्यक्रममा नेपाल पन्क्षी संरक्षण संघका परियोजना अधिकृत भुपाल नेपालीले नेपालमा गिद्धको संरक्षणका लागि स्थानीय स्तरबाट भएको प्रयास प्रशंसायुक्त भएको बताउनुभयो । बिश्वमा १९ प्रजातिका गिद्ध पाइने जानकारी गराउँदै नेपालीले दक्षिण एशियामा ९ प्रजातिका गिद्ध पाइने र ती सबै गिद्ध नै नेपालमा पाइने भएकाले नेपालले गिद्ध संरक्षणका लागि चासो दिनुपर्ने बताउनुभयो । २०४७ सालतिर नेपालमा ५ लाख गिद्धहरु रहेकोमा अहिले नेपालमा १५ हजार गिद्ध मात्रै रहेको उहाँले जानकारी गराउनु भएको थियो ।

पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतको अध्यक्षतामा भएको कार्यक्रममा रावतले मानवीय क्रियाकलापकै कारण पृथ्वीमा भएका जीवजन्तुहरु मासिने क्रम बढेको बताउनु भएको थियो । पारिस्थितिकीय प्रणालीमा खलवल आएको उहाँले बताउनुभयो । हामी सचेत मानिसकै कारण जलवायु परिवर्तन भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेकपाका नेता निर्मल आचार्य, घोराही उपमहानगरपालिकाका कृषि शाखाका प्रमुख भरत पोखेल, नेपाल पत्रकार महासंघ दाङ शाखाका सचिव भूपेन्द्र वलीलगायतले बोल्नुभएको थियो । कार्यक्रमको सहजीकरण केन्द्रका उपाध्यक्ष देवराज बिश्वकर्माले गर्नुभएको थियो भने स्वागत मन्तब्य केन्द्रकी सचिव मेनका शर्माले व्यक्त गर्नुभएको थियो ।

# अर्गानिक खेती र जैबिक विविधताबारे सिक्न दाङका किसान अर्घाखाँची र कपिलवस्तुमा

अर्गानिक खेतीको बारेमा जानकारी लिन दाङका किसान अर्घाखाँचीको सन्धिखर्क नगरपालिका घोचाखोला पुगेर फर्केका छन् । उनीहरु सन्धिखर्क वडा नम्बर २ र १० मा सञ्चालित कृषि फार्मको अध्ययन गरेर फर्केका हुन् ।

दाङमा अर्गानिक खेतीको तयारीमा जुटेका घोराही उपमहानगरपालिका वडा नम्बर १ र २ मा पर्ने रामपुर बुका र तुलसीपुर १८ का ८६ जना किसान अर्गानिक खेतीको अध्ययन गरी फर्केका हुन् । उनीहरुसहित संस्थाका प्रतिनिधि र पत्रकार गरी ९६ जनाले कृषि फार्मको अवलोकन गरेको पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र नेपालका अध्यक्ष डिल्लीबहादुर रावतले जानकारी दिनुभयो ।

पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र नेपालको अगुवाइ तथा स्थानीय समुदायको सक्रियतामा रामपुर बुकामा अर्गानिक खेतीको तयारी गरिएको छ । त्यसका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यूएनडिपिको जिइएफ/एसजिपीले सहयोग रहेको छ । स्थानीय र घोराही उपमहानगरपालिकाको केही लगानीमा चाँडै अर्गानिक खेती शुरु गर्ने तयारी गरिएको छ ।

किसानहरुको अध्ययन भ्रमणमा क्रममा अर्घाखाँचीका किसानहरुले आफ्ना अनुभव सुनाएका थिए । सन्धिखर्क २ घोचाखोलाका किसान पिताम्बर बञ्जाडेले मल्चिङ थोपा सिंचाइका आधारमा कृषि उत्पादन अघि बढाइएको बताउनुभयो । आफूहरुले लामो समयदेखि कृषि कर्म गरिरहेको भए पनि नयाँ प्रविधि अंगालेपछि उत्पादनमा बृद्धि भएको उहाँले जानकारी दिनुभयो । यहाँका किसानले मौसमी र बेमौसमी दुबै खाले तरकारी खेती गरिरहेका छन् ।



यहाँका किसानले रसायिनक मल घटाउँदै लगेको र अब कम्पोष्ट मलमा पूरै गाउँ केन्द्रित हुन थालेको सन्धिखर्क १० का अगुवा किसान गणेश बञ्जाडेले जानकारी दिनुभयो । आफूहरुले पूरै गाई-भैसीको मल प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो । सामूहिक फार्म सञ्चालन गरेर ठूलो संख्यामा गाइलापन गर्न थालेपछि मलको अभाव टरेको र तरकारीमा प्रयोग गरेर बचेको गोबर धान तथा गहुँबालीमा पनि प्रयोग गर्न थालेको उहाँले जानकारी दिनुभयो । रसायिनक मलभन्दा गोबर मलबाट धेरै उत्पादन हुने गरेको पनि उहाँले जानकारी दिनुभयो ।

अर्का किसान देबेन्द्र बञ्जाडेले हरेक किसानले

१० रोपनी आसपासमा तरकारी लगाउने गरेको जानकारी दिंदै धेरै व्यक्ति सरकारी जागिर र अन्य पेशा छाडेर कृषि पेशामा केन्द्रित हुन थालेको जानकारी दिनुभयो । 'अरु काम गर्दा वर्षमा कमाउने भनेको दुइ तीन लाख हो, तरकारी खेती गर्नेले वार्षिक ८/१० लाख कमाइ गर्न थालेपछि अन्य पेशा छाडेर तरकारीतिर आकर्षण बढ्को छ'- उहाँले भन्नुभयो । एकैपटक अर्गानिक खेती गर्नु चुनौती रहेको औल्याउँदै उहाँले रसायनिक मल र रसायनिक बिषादी क्रमशः कम गर्दै लगिएको भए पनि पूर्ण अर्गानिक खेती भने गर्न नसकिएको स्वीकार गर्नुभयो । गाइको गोबर मलको रुपमा र मूत्र जैविक बिषादीको रुपमा प्रयोग गर्न थालिएको उहाँले जानकारी दिनुभयो । जैबिक मल र बिषादी प्रयोग गर्दा उत्पादन अझ बढेको पनि बञ्जाडेले जानकारी दिनुभयो ।

**जदगीशपुर तालको अवलोकन**

त्यसैगरी दाङका किसानले जगदीशपुर तालको पनि अवलोकन गरेका थिए । रामपुरको चरिंगे दह संरक्षण तथा यसबाटै बग्ने पानी प्रयोग गरेर अर्गानिक खेती गर्ने तयारी थालेका किसानले जगदीशपुर तालको पनि अवलोकन गरेका हुन् । कपिलवस्तुमा रहेको यो ताल २ सय १५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यसबाट ६ हजार ३ सय ५० हेक्टर जमिनमा सिंचाइ पुगेको र ६ हजार ५ सय किसान लाभान्वित भएको स्थानीय संरक्षणकर्मीले जानकारी दिएका छन् ।

यो ताल सन् २००३ मा रामसार सूचीमा परेको हो । यसमा १ सय ६८ प्रजातिका चरा रहेका छन् । जसमा ९० प्रजातिका रैथाने, गर्मी मौसममा बसाइ सर्ने ७, जाडो समयमा बसाइ सर्ने ६४, आंशिक ३ र अन्य ४ प्रजातिका चरा आउने गरेको पनि उहाँले जानकारी दिनुभयो । त्यस्तै यो तालमा १० प्रजातिका उभयचर, ३२ स्तनधारी, माछा ४५ र ४२ प्रजातिका घस्रने जनावर रहेका छन् ।


# सुन्न नभुल्नुहोला रेडियो कार्यक्रम
# पर्यावरण सन्देश

जैविक विविधता संरक्षण र पर्यावरणीय विकासका लागि पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र नेपालद्वारा उत्पादित कार्यक्रम पर्यावरण सन्देश प्रसारण भइरहेको छ । हरेक महिनाको पहिलो र अन्तिम आइतवार विहान साढे ७ देखि ८ बजेसम्म रेडियो मध्यपश्चिम ९१ थोप्लो ४ मेघाहर्ज र इन्टरनेटमार्फत www.radiomp.org एकैसाथ सुन्न सकिने कार्यक्रम पर्यावरण सन्देश सुन्न नभुल्नुहोला ।

# नेपालमा पाईने चराको प्रजाति आठ सय सतासी

तुल्सीराम वली

नेपालमा पाइने चराको प्रजाति आठ सय सतासी पुगेको छ। पछिल्लो समय “स्टेप ग्रे शराइक” र “शुटी टर्न” नामक चरा फेला परेसँगै चराको प्रजाति संख्या वढेको नेपालमा चरा संरक्षणमा काम गर्दै आएको संस्था नेपाल पन्क्षी संरक्षण संघका संरक्षण अधिकृत कृष्णप्रसाद भुसालले वताएका छन् ।

यो वर्ष स्टेप ग्रे शराइक नामको चरा गोरखाका पन्छी अनुसन्धानकर्ता सन्देश गुरुङ र धिरज



चौधरीले पत्ता लगाएका हुन भने शुटी टर्न नामको चरा कोशीमा पन्छी अवलोकनकर्ता अनिष तिम्सिना र डिकबहादुर मगरले पत्ता लगाएको भुसालले जानकारी दिएका छन् । नेपाल पन्छी संरक्षण संघले आफ्नो ३५ औं वार्षिक साधारणसभामा नयाँ चरा पत्ता लगाउने व्यक्तिहरुलाई सम्मान गरेको भुसालले जानकारी दिएका छन् । बढ्दो शहरीकरणले चरामा परेको प्रभाव र चराको अवस्था अध्ययन र संरक्षण अभियानको थालनी काठमाडौं लगायत अन्य ठूला शहरहरुबाट गरिएको नेपाल पन्क्षी संरक्षण संघका वरिष्ठ कार्यक्रम अधिकृत ज्योतेन्द्रज्यू ठकुरीले बताए ।

सन् १९८२ मा स्थापना भएको संघले नेपालमा पन्छी, तिनीहरुको वासस्थान तथा जैविक विविधताका लागि महत्वपूर्ण क्षेत्र संरक्षणमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ । विश्वभर १२२ वटा संस्थाहरुको सञ्जाल रहेको बर्डलाइफ इन्टरनेशनलको नेपाल साझेदार यस संघले गिद्ध, खरमजुर जस्ता लोपोन्मुख, अति संकटापन्न तथा दुर्लभ चराहरुको वैज्ञानिक अध्ययन तथा संरक्षणमा विश्वमै उदारणीय कार्यहरु गर्दै आएको छ । नेपाल पन्छी संरक्षण संघ संकटापन्न चराहरुको अध्ययन, अनुसन्धान र संरक्षणका साथै समुदायमा आधारित चराको बासस्थान संरक्षणमा समर्पित संस्था रहेको संस्थाका अध्यक्ष राजेन्द्र गरुङले बताए । सदस्यमा आधारित नेपाल पन्छी संरक्षण संघले आफ्ना सदस्यहरु बढाउँदै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग साझेदारी गरी नेपालमा पन्छी एवं जैविक विविधता संरक्षणमा थप टेवा पुर्‍याउने लक्ष्य लिएको छ ।

## राष्ट्रिय वातावरण संरक्षण पुरस्कार पर्यावरणीय दिगो विकासलाई

राष्ट्रिय वातावरण संरक्षण पुरस्कार २०७५ पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रले प्राप्त गरेको छ । २०६४ सालदेखि पर्यावरण संरक्षणमा लागेको संस्थाले राष्ट्रिय वातावरण संरक्षण पुरस्कार प्राप्त गरेको हो । प्रधानमन्त्री केपी शर्मा ओलीको हातबाट प्रमाणपत्रका साथै नगद ५० हजार संस्थाका अध्यक्षा डिल्लीबहादुर रावतलाई बिश्व बतावरण दिवस जेठ २२ गतेका दिन ललितपुरमा सम्मान गरिएको थियो ।

पर्यावरण र बन्यजन्तु संरक्षणमा दाङ जिल्लाकै उत्कृष्ट संस्था भन्दै २०७२ सालमा जिल्ला वन कार्यालय दाङले नगदसहित प्रमाणपत्रले सम्मान गरेको थियो ।

# दाङ उपत्यकामा पहिलोपटक भेटियो सानो खैरो गिद्ध

दाङमा पहिलोपटक सानो खैरो गिद्धको गुड भेटिएको छ । लोपोन्मुख अवस्थामा रहेको सानो खैरो गिद्धको गुड दाङमा पहिलोपटक घोराही उपमहानगरपालिका वडा नं. १ को बुकामा भेटिएको हो । बुकामा रहेको चरिङ्गेताल जाने बाटोमा रहेको १ साजको रुखमा २ वटा सानो खैरो गिद्धको गुड भेटिएको र अर्को साजको रुखमा एक गुड भेटिएको दाङमा गिद्ध संरक्षण गर्दै आएको संस्था पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतले बताउनुभयो ।

गिद्धमा पिएचडी गर्दै गरेका षडानन्द पौडेल



र वन विज्ञान अध्ययन गर्दैगरेका सुमन घिमिरेले दाङमा पहिलोपटक सो गुड भेटाउनुभएको हो । आइयूसिएनको लिष्टमा अति संकटापन्न अवस्थामा रहेको सानो खैरो गिद्ध नेपालमा ५० देखि ७५ वटा सम्मको संख्यामा रहेको नेपाल पन्क्षी संरक्षण संघका परियोजना अधिकृत भुपाल नेपालीले बताउनुभएको छ ।

गिद्धले असोजदेखि गुड बनाउन शुरु गरी जेठ महिनासम्म बच्चा उडाउने गरेको नेपालीले बताउनुभयो । गिद्धले एक सिजनमा एक बच्चा दिने गर्दछ । ७५ दिन ओथारो बसेपछि बच्चा दिने र ओथारो बसेको १ सय २० दिनमा बच्चा उडाउनसक्ने नेपालीले जानकारी दिनुभएको छ । मरेका जनावर र कुहिएका सिनो खाने भएकाले गिद्धलाई प्राकृतिक कूचिकार भनिन्छ । तर, केही वर्षयता यसको संख्या घटेको संरक्षणकर्मीहरुले बताएका छन् । गिद्धलाई लोप हुनबाट बचाउन नेपालका विभिन्न जिल्लामा गिद्ध रेष्टुरेण्ट पनि खोलिएको छ । नेपालको ६ जिल्लाको ७ स्थानमा गिद्ध रेष्टुरेण्ट रहेको नेपाल पन्क्षी संरक्षण संघका नेपालीले बताउनुभयो ।

नेपालमा हाडफोर, सेतो, डंगर, सानो खैरो, हिमाली, खैरो, राज, सुन र लामो ठुडे गरेर ९ प्रकारका गिद्ध पाइन्छन् । यीमध्ये डंगर र सानो खैरो प्रजातिको गिद्ध लोप हुने अवस्थामा रहेको संरक्षणकर्मीहरुले बताएका छन् । संसारमा २३ प्रजातिका गिद्ध पाइन्छन् भने दक्षिण एशियामा ९ प्रजाति र नेपालमा पनि ९ प्रजातिका गिद्ध पाइने गरेको नेपाल पन्क्षी संरक्षण संघका फिल्ड अधिकृत ईश्वरी चौधरीले बताउनुभयो ।

दाङमा भने डंगर, सेतो, नियमित देखिने गरेको र राज, हिमाली, र सुन गिद्ध सिजनअनुसार देखिने गरेको केन्द्रका अध्यक्ष रावतले बताउनुभयो । अहिले पहिलो पटक सानो खैरो गिद्धको गुड दाङ उपत्यकामा भेटिनु खुशीको कुरा रहेको उहाँले बताउनुभयो । सानो खैरो गिद्ध नेपालको नवलपरासी, सुक्लाफाँटा वन्यजन्तु आरक्षणमा पाइने गरेको थियो । गिद्ध संरक्षणको लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्धको प्रजनन् केन्द्रको पनि स्थपना गरिएको छ ।

❖

# दाङको बुकालाई पहिलो अर्गानिक पकेट क्षेत्र बनाउन पहल

दाङ रामपुरको बुकालाई जिल्लामै पहिलो अर्गानिक पकेट क्षेत्र बनाउन पहल गरिएको छ । घोराही उपमहानगरपालिका वडा १ र २ मा पर्ने यो स्थानमा २०७४ साल चैत्र २७ गते स्थानीयवासी र सरोकारवालाले जिल्लामा पहिलो अर्गानिक पकेट क्षेत्र बनाउने निर्णय गर्दै यसका लागि सहयोग गर्न उपमहानगरपालिकासँग माग गरेका थिए ।

घोराही १ का सदस्य जीबा सुनारको अध्यक्षता र वडा नम्बर २ का सदस्य यमा पुनको उपस्थितिमा बसेको सरोकारवालाको बैठकले यस्तो निर्णय गरेको हो । बैठकमा बुकाका महिला समूह, वन समूह तथा स्थानीय किसानको सहभागिता रहेको थियो ।

बैठकले वडा नम्बर १ र २ मा पर्ने चेपेखोलादेखि पूर्व, चुरेखोलादेखि पश्चिम, चरिङ्गे सामुदायिक वनदेखि दक्षिण र बबइदेखि उत्तरमा पर्ने बुका गाउँलाई आर्गानिक पकेट क्षेत्र बनाउने निर्णय गरेको थियो । त्यस्तै आर्गानिक तरकारी खेतीका लागि घोराही उमनपा, पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान केन्द्रलगायत सरकारी, गैरसरकारी संस्थालाई अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ ।

यो ठाउँमा पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रको अर्गानिक खेतीसम्बन्धी परियोजना पनि शुरु भएको छ ।

❖

# छ वर्षमा ३१ गिद्धको उद्धार र उपचार

दाङमा गिद्ध संरक्षण गर्दै आएको संस्था पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रले छ वर्षको अवधिमा ३१ गिद्धको उपचार तथा उद्धार गरेको छ । संस्थाका अध्यक्ष डिल्लीबहादुर रावतका अनुसार जिल्ला र जिल्ला बाहिर घाइते अवस्थामा रहेका गिद्धको उद्धार गरी उपचार गर्ने गरिएको छ ।

प्रकृतिको निशुल्क कूचीकार गिद्ध बिभिन्न ठाउँमा बिरामी र घाईते अवस्थामा भेटिएकालाई संस्थाले उपचार गरी जिल्ला वन र पशुसेवा कार्यालयको रोहवरमा प्रकृतिमा छाड्ने काम गरेको छ । दाङ र आसपासका जिल्ला बाँके राष्ट्रिय निकुञ्ज, पशुसेवा कार्यालय जुम्ला लगायतका स्थानबाट सरकारी कार्यालयले संस्थाको कार्यालयमा ल्याइदिएको र जिल्ला बन कार्यालय दाङले समेत ल्याउने काम गरिरहेको छ । यसैगरी दाङका बिभिन्न स्थानमा घाइते वा विरामी अवस्थामा रहेका गिद्धहरुलाई स्थानीय जनताको सहयोगमा संस्थाले गिद्ध रेष्टुरेण्टमा ल्याई उपचार गर्ने गरेको छ ।

संस्थाले राखेको तथ्याङ्कअनुसार सबैभन्दा बढी १९ वटा हिमाली गिद्धको उपचार गरिएको छ भने विश्वमै दुर्लभ मानिने डंगर गिद्ध ६ वटा, ४ वटा राज गिद्धको उपचार र एक हुचीलको उद्धार गरी बन कार्यालय, सशत्र प्रहरीको रोहबरमा तुलसीपुर १९ को लामाखोला सामुदायिक वनमा छाडिएको छ ।

# बढ्दो पर्यावरण विनाशले जलवायु परिवर्तन

बढ्दो पर्यावरण विनाश र प्रदूषणले अप्राकृतिक रुपमा जलवायु परिवर्तन भइरहेको एक कार्यक्रममा बोल्ने बक्ताहरुले बताएका छन् । शान्तिनगर गाउँपालिका र युएनडिपी/एसजिपी/जिइएफको सहयोगमा पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान केन्द्रको आयोजनामा शान्तिनगरमा भएको अप्राकृतिक जलवायु परिवर्तन र जैबिक विविधतासम्बन्धी दुइदिने तालिमको अवसरमा बोल्ने बक्ताहरुले मौसममा प्रतिकूल प्रभाव भइरहेका कारण जलवायु परिवर्तन भइरहेको बताएका थिए । यसकै कारण जैविक विविधतालाई संकटमा पार्दै लगिरहेको कुरामा जोड दिएका छन् ।

पर्यावरणीय दिगो विकास एवं अनुसन्धान



केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतले अप्राकृतिक जलवायु परिवर्तनले पृथ्विको तापक्रम बढाउँदै लगिरहेकोले वनस्पति र वन्यजन्तु संरक्षण आवश्यक रहेको बताउनुभयो । उहाँले जैविक विविधताका कारण नै जल चक्र, कार्वन चक्र तथा नाईट्रोजन चक्र सन्तुलित भइ पर्यावरण सन्तुलन हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल पन्क्षी संरक्षण संघका परियोजना अधिकृत भुपाल नेपालीले स्वच्छ वातावरणको लागि वन र वन्य जन्तुको दिगो



संरक्षण आवश्यक रहेको बताउनुभएको थियो । नेपालीले अप्राकृतिक जलवायु परिवर्तन रोक्नका लागि जनताको सहभागितामा काम गर्न आवश्य रहेको पनि बताउनुभयो ।

पर्याबरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतको अध्यक्षता एवं शान्तिनगर गाउँपालिकाका अध्यक्ष कमानसिंह डाँगीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अध्यक्ष डाँगीले अप्राकृतिक रुपमा बढ्दै गएको जलवायु परिवर्तन रोक्न जनचेतना बढाउन आवश्यक रहेको बताउनुभएको थियो । संस्थाका कार्यक्रम संयोजक तुल्सीराम वलीले सञ्चालन गर्नुभएको थियो ।

यस्तै सो तालिम शान्तिनगर गाउँपालिका वडा नम्बर ७ खैरेनीमा पनि २ दिन चलेको थियो । दुई स्थान गरी ४ दिनसम्म चलेको तालिममा जनप्रतिनिधि, स्थानीय सामुदयिक बनका प्रतिनिधि र बिभिन्न संघसंस्थाबाट सहभागिता रहेको थियो ।

# अर्गानिक खेती गर्न किसानलाई तालिम

अर्गानिक मल र विषादीका कारण मानव स्वास्थ्यमा गम्भीर असर परेको भन्दै बिभिन्न स्थानमा तालिम दिन थालिएको छ । यसै क्रममा तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ का अगुवा किसानलाई तालिम दिन शुरु गरिएको हो ।

पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान



केन्द्रको आयोजनामा तालिम दिन शुरु गरिएको हो । केन्द्रका अध्यक्ष डिल्लीबहादुर रावतको अध्यक्षता एवं कार्यवाहक वडाध्यक्ष रमादेवी नेपालीको प्रमुख आतिथ्यतामा तालिम उद्घाटन गरिएको थियो ।

कार्यक्रममा माटोबिज्ञ दिगम्बर यादव, नयाँ युगबोध दैनिकका सह-सम्पादक नरेन्द्र केसी र वडा सदस्य शीतलप्रसाद बुढाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । संस्थाका उपाध्यक्ष देवराज बिश्वकर्माको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन संस्थाका सदस्य बालिका तिवारीले गर्नुभएको थियो ।

दुइदिनसम्म चलेको तालिममा १५ जनाको सहभागिता रहेको थियो । प्रशिक्षकमा माटो बिज्ञ दिगम्बर यादव रहनुभएको थियो । तालिममा जैविक बिषादी र जैबिक मल निर्माण सम्बन्धी सीप सिकाइएको थियो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपीको जिइएफ/एसजिपीको सहयोगमा तालिम आयोजना गरिएको हो ।

यस्तै सो तालिम घोराही उपमहानगरपालिका वडा नं. १ र २ को बुकमा पनि सञ्चालन गरिएको थियो ।

# कार्यक्रम सफल बनाउन समिति

पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रले सञ्चालन गरेको जैविक विविधता संरक्षण एवं नमूना अर्गानिक तरकारी खेती कार्यक्रम सफल बनाउनलाई समिति गठन गरिएको छ । स्थानीय र सरोकारवालाको सहभागितामा घोराही



उपमहानगरपालिका वडा नं. १ र २ बुकामा स्थानीय समाजसेवी कमल पोखेलको अध्यक्षतामा समिति गठन गरिएको हो । समिति युएनडिपी, जिईएफ/एसजिपीको सहयोगमा पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान केन्द्रले सञ्चालन गरेको कार्यक्रमलाई पारदर्शी रुपमा सम्पन्न गर्न सहयोग गर्ने उद्देश्यले गठन गरिएको हो । समितिको सचिवमा स्थानीय मेघराज खड्का, सदस्यहरुमा जानका पोखेल, राधा पाण्डे, गोमा जिएम, रुक्मिणा खड्का, शिवा खत्री, तुल्सीराम वली र बुद्धिप्रकाश धिताल रहनुभएको छ ।

एकांकी

# बौलाहाको घोषणा

मेरै आँखाले देखेको छु, धानका हरिया बोटहरुमा रासायनिक मलका साथै अनमाईटजस्तो घातक बिष हालेको । तरकारीमा झन् कुरै नगरौं, गन्धबाटै प्राणीहरुको मृत्यु हुने खतरनाक विषादी प्रयोग गरेर सारा मान्छेहरुको अन्जानमा हत्या गर्ने योजना बुनिरहेका छन् ।



-बुद्धि घिताल

**पात्रहरु**

रमेश : बाबु

नारायण : गाउँको भलाद्मी

बिक्रम : नायक

जीवन : दाजु

डाक्टर र आमा

(पर्दा खुल्छ । आँगनमा केही मान्छेहरु बसेका र केही उठेका दृश्य देखिन्छन् । आँगनको एउटा कुनावाट रमेश देखा पर्दछ ।)

रमेश : सबैलाई मेरो नमस्कार ! (आँगनका सबै मानिसको दृष्ट रमेशतर्फ पर्छन् ।) तपाईहरु सबैले थाहा पाइसक्नुभयो होला, मेरो छोरा बिरामी छ । लामो समय भइसक्यो । उसलाई ठीक हुने संभावना पनि कमै छ ।

नारायण : (आफू बसेको ठाउँबाट उठ्दै.......) हैन, के भयो विक्रमलाई ? ठीक हुने संभावना नै कम भएको ! त्यस्तो के रोग लाग्यो उसलाई ?

रमेश : अनौठो छ हजुर उसको रोग । उसले हामी र सिंगो समाजलाई रोगको कारण मानेको छ । (भित्र भाँडा बजारेको आवाज आउँछ । रिसले पसिन्योल भएको विक्रम आँगनमा देखा पर्दछ ।)

विक्रम : ऊ ऊ ऊ हत्याराहरु ! ऊ ऊ ऊ सबै,.......... सबै मानव हत्याराहरु हुन् । (आँगनका मान्छेहरुतिर संकेत गर्दै.....) तिमीहरुलाई थाहा छ ? मेरी आमाले मेरो हत्या गर्न चाहन्छिन् । बिष हालेको खाना खान दिएर मलाई मार्न चाहन्छिन् । मेरै आँखाले देखेको छु, । धानका हरिया बोटहरुमा रसायनिक मलका साथै अनमाईटजस्तो घातक बिष हालेको । तरकारीमा झन कुरै नगरौं, गन्धबाटै प्राणीहरुको मृत्यु हुने खतरनाक बिषादी प्रयोग गरेर सारा मान्छेहरुको हत्या गर्ने योजना बुनिरहेका छन् । त्यसको शिकार मेरी आमाले मलाई बनाउन खोजेकी छिन् । सारा मान्छेहरु मान्छेको हत्या गर्न बिष पिलाइरहेका छन् । हिजो बाबाले (रमेशतिर हेर्दै.....) दिदीलाई बिषादी लतपतिएको तरकारी पठाइदिनुभयो । उहाँ दिदीलाई हत्या गर्न चाहनुहुन्छ । एकदिन सानो छँदा दिदीले सानो गल्ती गरेको निहुँमा बाबाले भन्नुभयो-अहिले तलाई मार्छु । उहाँ हत्यारा हो, पहिलेदेखि नै दिदीलाई मार्ने योजना बनाइरहनु भएको छ । (हुँ..... हुँ........हुँ दुवै हातले आँखा छोप्दै रुन्छ ।) (रुँदै.....घरभित्रबाट खानाको थाली लिएर आमाको प्रवेश हुन्छ) ।

आमाः (रुँदै....) मेरो बाबा के भयो तिमीलाई ? थोरै खाना त खाउँ । आज चार दिन भइसक्यो मेरो बाबाको मुखमा अन्न नपरेको । बाबु खाना खाऊ...। के भयो यसलाई ? (हातमा खाना लिएर खुवाउन खोज्छिन् । विक्रमले आमाको हात झट्कार्छ । खाना भुइँमा खस्छ ।)

विक्रम : (हास्दै....) देख्नुभयो ? मेरी आमा म जिउँदो भएकोमा रोइरहेकी छिन् । उनी मलाई खाना खुवाएर मार्न चाहन्छिन् । मेरो मृत्युमा उत्सव मनाउन चाहन्छिन् । यहाँ आफैले आफ्ना सन्तानलाई अन्ततः आफैले आफैलाई मार्ने खेल चलिरहेको छ । (आँगनका मान्छेहरुतिर संकेत गर्दै ......) तपाईहरुलाई थाहा छ ? रामे, डल्ले र सोमेको मृत्यु कसरी भयो ? गाउँभरि क्यान्सर फैलिएको छ, मान्छेका किड्निहरु फेल भएका छन् । खाना, तरकारी र फलफूलको करामत (हा.....हा......हा....) होसियार ! मलाई खाना खुवाउने प्रयास नगर । म हत्याराबाट टाढा हुन चाहन्छु ।

(उठेर विक्रमको हात पकड्दै...)

नारायण : बाबु ! के भयो तिमीलाई ? किन यस्ता कुरा गर्दैछौ तिमी ? खाना खाऊ बाबु ।

विक्रम : (हा....हा....हा....) यी सब हत्यारा । मानव हत्यारा तपाइँले तपाइँको छोराको हत्या किन गर्नुभयो ? डाक्टरले के भन्यो । बिषादी प्रयोग गरेको खाना खानाले दुवै किड्नी फेल भयो । उसको मृत्यु भयो । मृत्यु हैन, हत्या भयो । तपाइँहरु सबै हत्यारा हो । सबैले हत्या गरिरहेका छन्, आफ्ना सन्तानहरुलाई, ईष्टमित्रहरुलाई र अन्ततः आफैलाई हत्या गरिरहेका छन् ।

नारायण : सबैले यस्तै खाना खान्छन् । यसको बिकल्पै छैन् ।

विक्रम : के सबैले यस्तै गरेको कारण उचित हो ? के यसो भन्न मिल्छ ? सबैले गरेको कारण खराव कामलाई पनि सही भन्न मिल्छ ? विकल्प नभएको र असंभव मुर्खको डायरीमा हुन्छ । तपाइँहरु सबै मुर्ख हो । (आकाशतिर हेर्दै....) ओहो ! कति कालो बादल जसले सुन्दर जुनलाई कैद गरेको छ ।

नारायण : यस्ता व्यर्थका कुरा नगर । यस्ता कुरा गर्नुहुन्न बाबु, बुझ्यौ (आँगनको छेउमा बस्छन्)।

विक्रम : तपाइँहरु सबै भ्रममा हुनुहुन्छ । भ्रमको कालो चश्माको अनावरणले तपाँइहरुको विवेकलाई कालो बनाएको छ । त्यसैले तपाँइहरु स्वर्गको यात्राको भ्रममा ब्ल्याक होलको यात्रा गरिरहनुभएको छ । एक दिन तपाइँहरु र तपाइँहरुका कारण सम्पूर्ण मानव जगत नै ब्ल्याक होलको अँध्यारो खाडलमा नष्ट हुनेछन् । (औला देखाउँदै ....) तपाइँ हत्यारा हो । अस्ति तपाइँले मलाई मार्ने योजनाका साथ एक झोला केरा, स्याउ र अंगुर लिएर आउनुभएको थियो । विषादीरुपी क्रिम दलेको फलफूल खुवाएर हत्या गर्न खोज्नु भएको थियो ।

(जीवनको प्रवेश साथमा एक डाक्टर)

जीवनः भाइ विक्रम, लौ हेर त डाक्टर आउनुभएको छ । तिम्रो उपचार गर्न ।

विक्रमः (हा हा हाहा हाहाह.....) उपचार मलाई ? के को उपचार ? म रोगमुक्त छु । (औलाले संकेत गर्दै....) यी यी यी मान्छेहरु, तिमीहरु र सिँगो समाज रोगले ग्रस्त छ । उनीहरुको उपचार गर । उनीहरुको उपचार गर । उनीहरुको भ्रमको पर्दा उघार । (आकाशतिर हेर्दै....) अनि यो कालो

अन्धकार बादल हट्ने छ र सुन्दर जुन उदाउनेछ । दाजु कमसेकम मलाई विश्वास छ तपाइँ जुनको विरोधमा हुनुहुन्न ? आउनुहोस् यो अँध्यारोबाट संसारलाई जोगाउँ ।

डाक्टर : यता हेर त बाबु ! ( विक्रमको नाडी छाम्छ, आला लगाएर जाँच गर्दछ) केही हुँदैन सन्चो हुन्छ । आराम गर । हरियो तरकारी र फलफूलहरु प्रशस्त मात्रामा खाऊ (डाक्टर बिदा हुन्छ ।)

विक्रम : देखनुभयो ? यो डाक्टर हैन कसाही हो । उसले मेरो उपचार गर्ने बाहानामा तरकारी र फलफूल खुवाएर मार्ने योजना बनाएको छ । हैन कस्तो युग हो यो ? बुझ्नै नसकिने ? मान्छेले मान्छेलाई चुसेर हत्या गर्ने परम्परा त सदाचारको रुपमा चलिआएकै हो । तर आफ्नो सन्तान, इष्टमित्र, आफू र सिँगो समाज विषको होली खेलेर मृत्युवरण गर्नु यो के हो ?

जीवन : (आँगनतिर हेर्दै...) ए केटाकेटी हो तिमीहरुले के हेरेको हँ ? जाऊ घर-घर जाऊ । यहाँ के भएको छ र ?

विक्रमः (आँगनतिर हेर्दै....) ए केटाकेटी हो सुन ! तिमीहरु हत्यारा हुनुहुँदैन । आफ्नो विचार बदल । हत्याराहरुबाट सुरक्षित होऔ । यदि तिमीहरु बदलिएनौ भने एकले अर्कालाई मारेर सिद्धिनेछौ । म एउटा सत्य घोषणा गर्दछु । तिमीहरुले बुझेनौ भने सिँगो पृथ्वी मानवरहित हुनेछ । मानवको वंश परम्परा नष्ट हुनेछ । वातावरण अनुकूल नभएकै कारण जसरी डायनोसर लोप भयो, त्यसरी नै मानवसहित सम्पूर्ण प्राणीको वंश लोप हुनेछ । त्यसैले अँध्यारोको यो साम्राज्यमा केटाकेटीहरुलाई हत्यारा हुनबाट बचाऔं । यही नै समयको माग हो ।

(आकाशतिर नियाल्दै.....) ल । हेर्नुस त अँध्यारो कालो बादल फाट्यो । धेरै समय पछाडि जून उदायो । जूनको उज्यालोमा आहा ! कति सुन्दर पृथ्वी ! बतास पनि चिसो.....चिसो.......।

(पर्दा खस्छ)

*-लेखक बुका, दाङ निवासी हुनुहुन्छ ।*

# पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र नेपाल, दाङ

**तुलसीपुर उपमहानगरपालिका वडा नं. १८, हेमन्तपुर, दाङ**

**<u>संस्थागत विवरण</u>**

## Environmental sustainable development & Research center Organizational profile

१. संस्थाको पूरा नाम नेपाली र अंग्रेजीमा : पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र नेपाल, दाङ (Environmental sustainable development & Research center Nepal, Dang)

२. संस्थाको संक्षिप्त नाम नेपाली र अंग्रेजीमा : ESDRC Nepal Dang

३. जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको मिति र दर्ता नम्बर : ६४३/२०६४ बैशाख ५ गते ।

४. समाज कल्याण परिषदमा आवद्धता नम्बर र दर्ता मिति :२२६७६/२०६४ असार ४ गते

५. स्थायी लेखा नम्बर र दर्ता मिति : ३०३३८०९२४/२०६५ मंसिर २० गते

६. संस्थाको परिकल्पना (Vision) : पर्यावरणको विनाश र प्रदूषणलाई कम गराउन जनचेतना अभिवृद्धि, दिगौ भौतिक विकास र जनताको आयआर्जन बृद्धि

७. संस्थाको ध्येय (Mission) : स्थानीय समुदाय र सरोकारवालासँग सहकार्य गरी पर्यावरण र जैविक विविधताको संरक्षण, पर्या-पर्यटनको विकास तथा जनताको आयआर्जनमा सहयोग गर्ने ।

८. संस्थाको लक्ष्य (Goal) : पर्यावरण तथा जैविका विविधताको अध्यन अनुसन्धान, संरक्षण, प्रचार, जनचेतना अभिवृद्धि, पर्या-पर्यटनको विकास, सरसफाई र स्वच्छ खानेपानी, प्रदूषण कम गर्ने, दिगो भौतिक विकास र आयआर्जनका लागि विविध कार्यक्रम सञ्चालन गर्ने

९. संस्थाको उद्देश्य (Objectives)

क) पर्यावरण सम्बन्धी विविध पक्षको अध्यन, अनुसन्धान गर्ने गराउने

ख) पर्यावरणीयको विनाश र प्रदूषन कम गर्न जनचेतनामूलक कार्यक्रम गर्ने

ग) जैविक विविधता संरक्षण सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने गराउने र संरक्षणको अभियानमा जुटने

घ) पर्या-पर्यटनका लागि सूचना केन्द्र स्थापना, प्रचार-प्रसार र भौतिक विकासका काम गर्ने

ङ) गरिवी निवारण, पर्यावरणीय शिक्षा, दिगो भौतिक विकास तथा सीपमूलक र आयआर्जन सम्बन्धी कार्य गर्ने

च) जनताको वनप्रतिको निर्भरतालाई कम गराउन बैकल्पिक ऊर्जाको प्रयोग र अन्य वैज्ञानिक विधिप्रति आकर्षित गराउने

छ) समूह तथा जनपरिचालन, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्य गरी काम गर्ने

ज) मानवअधिकार र शान्तिको पक्षमा काम गर्ने

झ) कृषिमा आधुनिकीकरण, दिगो विकास, सीपमूलक तालिम तथा प्रशिक्षण, शिक्षा, स्वास्थ्य र जनचेतनामूलक कार्यक्रम गर्ने

१०. संस्थाको कार्यनीति (Working strategy ) : स्थानीय जनसमुदाय, समूह, र संघसंस्थालाई परिचालन गरी सहभाागितामूलक तरिकाले कार्यक्रम सम्पन्न गर्ने

११. संस्थाको लक्षित वर्ग (Target beneficiaries) : आमरुपमा सम्पूर्ण जनसमुदाय र खास गरी पर्यावरणमा पर्ने प्रभावले बढी प्रभावित ग्रामीण, शहर, पछाडि पारिएको भूगोल, क्षेत्र, जाति, लिङ्ग र बर्गका जनसमुदाय

१२. संस्थाको कार्यक्षेत्र (Working area) : दाङ जिल्ला तथा सम्बन्धित निकायको स्वीकृति लिई आवश्यकता अनुसार नेपालभरि नै काम गर्न सक्ने

१३. संस्थाले हालसम्म पाएका पुरुस्कारहरु :


क) नेपाल सरकार वन तथा वातावरण मन्त्रलयद्वारा वातावरण संरक्षण पुरस्कार २०७५

ख) जिल्ला वन कार्यालय दाङ जिल्लामा वातावरण संरक्षणको क्षेत्रमा २०७२ मा उत्कृष्ट भई भ्रमण पत्रका साथमा नगदसहित सम्मानित ।

ग) जिल्ला शिक्षा कार्यालय दाङबाट २०७२ सालमा साक्षर जिल्ला बनाउनमा महत्वपूर्ण भूमिका निभाएको भन्दै प्रशंसापत्र प्राप्त ।

घ) नेपाल पंक्षी संरक्षण संघबाट २०७२ सालमा वन्यजन्तु संरक्षणको क्षेत्रमा उत्कृष्ट काम गरेको भन्दै प्रंशसापत्र सहित सम्मानित ।

# कार्यसमिति



डिल्लीबहादुर रावत
अध्यक्ष



देवराज विश्वकर्मा
उपाध्यक्ष



मेनका शर्मा
सचिव



जितलाल चौधरी
सचिव



टोपबहादुर डाँगी
कोषाध्यक्ष



बालिका तिवारी
सदस्य



देवबहादुर खड्का
सदस्य



रेणु पौडेल
सदस्य



तुल्सीराम वली
कार्यक्रम संयोजक



क्षितिज रावत
सामाजिक परिचालक



चन्द्रबहादुर सुनार
हेरालु

संघीय संसद, नेपाल
प्रतिनिधि सभा

कृष्ण बहादुर महरा
सभामुख

फोन : ०१-४२००१५९
फ्याक्स : ०१-४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल

प.सं.
च. नं.

# शुभकामना

**पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र (ESDRC)** दाङले आफ्नो वार्षिक मुखपत्र **'राप्ती पर्यावरणीय सन्देश'** प्रकाशन गर्न लागेको खबर सुन्दा मलाई अत्यन्तै खुशी लागेको छ । सर्वप्रथम राप्ती पर्यावरणीय सन्देश प्रकाशनका लागि पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्र दाङलाई म हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

पर्यावरणीय दिगो विकास तथा अनुसन्धान केन्द्रले विगत केही वर्षयता दाङ र आसपासका जिल्लाहरुलाई केन्द्र बनाएर पर्यावरण तथा जैविक विविधता संरक्षण, वन्यजन्तु र पंक्षीहरुको संरक्षण, शिक्षा, कृषि, पर्यटन एवं अधिकारका क्षेत्रमा काम गर्दै आइरहेको छ । यी यावत कामहरुलाई अघि बढाउँदै आउने क्रममा गत वर्षदेखि केन्द्रले वार्षिक मुखपत्रको रुपमा **'राप्ती पर्यावरणीय सन्देश'** प्रकाशन गरिरहेको छ । मुखपत्रमा केन्द्रले आफ्नो समयमा गरेका कामहरुको अभिलेख रहनुका साथै यसले पर्यावरण तथा जैविक विविधता संरक्षणका क्षेत्रमा काम गर्ने र चासो राख्ने भावी पुस्ताहरुलाई पनि शिक्षा र प्रेरणा दिनेछ भन्ने मैले विश्वास लिएको छु ।

**'राप्ती पर्यावरणीय सन्देश'**मा वन वातावरण तथा पर्यावरणको संरक्षण, जैविक विविधता, वन्यजन्तु तथा पंक्षीहरुको सुरक्षा र पर्यावरणमैत्री समाज निर्माणका लागि उपयोगी अनुसन्धानमूलक लेख, रचनाहरु र आम नागरिकलाई पर्यावरणको महत्वका बारेमा शिक्षा हुने र जागरण फैलाउने खालका सामग्रीहरु प्रकाशन हुने अपेक्षासहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

१६ पुस, २०७५

कृष्ण बहादुर महरा
सभामुख

Website- www.parliament.gov.np Email- krishna_mahara@parliament.gov.np fb:com/kbmaharaofficial

# प्रदेश सभा सचिवालय

प्रदेश नं. ५
बुटवल, नेपाल

# शुभकामना



पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र (ESDRC) नेपालले दाङ र आसपासका जिल्लाहरुमा पर्यावरण, जैविक विविधता संरक्षण, जिविकोपार्जन, तटबन्धन, शिक्षा, मानव अधिकार र वन्यजज्तु अधिकार क्षेत्रमा सफलतापूर्वक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । दाङ जिल्लामा भिन्नै पहिचान सहित स्थापित संस्थाको रुपमा आफ्नो परिचय बनाउन सफल भएको छ । यस संस्थाले संयुक्त राष्ट्रसंघीय कार्यक्रम, विश्व वातावरण कोष, साना अनुदान कार्यक्रम (UNDP/GEF/SGP) को सहयोगमा जैविक विविधता संरक्षण एवं नमूना अर्गानिक कृषि कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस संस्थाले अन्तर्राष्ट्रिय गिद्ध संरक्षण सचेतना दिवसका अवसरमा जैविक विविधता संरक्षण एवं नमूना अर्गानिक कृषि कार्यक्रको सम्पूर्ण बजेट मेरो प्रमुख आतिथ्यतामा सार्वजनिक गरी पारदर्शिताको नमूना पेश गरेको छ । यस संस्थाले पर्यावरणको विषयमा वार्षिक पत्रिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ । यस पत्रिकामार्फत जनतालाई जैविक विविधता संरक्षण र पर्यावरणको बारेमा जानकरी दिएर सचेत गराउन सफल होस् । अहिले राप्ती पर्यावरण सन्देशको दोस्रो अंक प्रकाशित गर्दै गर्दा यस संस्थालाई आफ्नो काम सधैं पारदर्शीरुपमा सम्पन्न गर्दै पर्यावरणको क्षेत्रमा सफलतापूर्वक काम गरोस् भन्दै शुभकामना व्यक्त गर्दछु ।

२० पुस, २०७५

**पूर्णबहादुर घर्ती**
**सभामुख**
**प्रदेश नं. ५**

# शुभकामना

## Global Environment Facility Small Grants Programme

**साना अनुदान कार्यक्रम**

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअन्तर्गत विश्व वातावरण कोष साना अनुदान कार्यक्रमले (GEF-SGP) सन् १९९९ देखि नेपालमा वातावरण संरक्षणसम्वन्धी विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ । समुदायमा आधारित प्रदर्शनमुखी तथा नौलो परियोजनाहरु संचालन गर्न गैरसरकारी संस्था वा सामुदायिक संस्थालाई ५० हजार अमेरिकी डलरसम्मको सहयोग यस संस्थाले प्रदान गर्दै आएको छ ।

GEF-SGP को आर्थिक सहयोगमा पर्यावरणीय दिगो बिकास एवं अनुसन्धान केन्द्र (ESDRC) ले "दाङ उपत्यका जैविक विविधता संरक्षण परियोजना" सन २०१२ देखि २०१४ सम्म सफलताका साथ सम्पन्न गरेको थियो । २०६४ सालमा स्थापित ESDRC ले पर्यावरण, जैविक विविधता संरक्षण, जीविकोपार्जन, तटबन्धन, शिक्षा, मानवअधिकार र वन्यजन्तु अधिकार क्षेत्रमा सफलतापूर्वक कार्यक्रमहरु सञ्चालन गरी दाङ जिल्लामा आफ्नो अलग पहिचान बनाउन सफल भएको छ । प्रथम कार्यक्रम सफलताका साथ सम्पन्न गरी GEF-SGP कै आर्थिक सहयोगमा पुनः दोस्रो कार्यकाल जैविक विविधता संरक्षण एवं नमूना अर्गानिक कृषि कार्यक्रम सन् २०१८ देखि सञ्चालित छ ।

यस संस्थाले आफूले गरेका कार्यक्रम तथा पर्यावरणसँग जोडिएका विषय वार्षिक पत्रिकामार्फत प्रकाशन गर्दै आएको छ । सोहीअनुरुप दोस्रो अंक प्रकाशित गर्दै गर्दा यस संस्थालाई भविष्यका कार्यक्रमहरु सफलताका साथै पारदर्शीरुपमा सम्पन्न गर्न उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**गोपालराज शेरचन**
**राष्ट्रिय संयोजक**

घोराहीउप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल**

# शुभकामना



पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र नेपालले दाङको पर्यावरण संरक्षणका सवालमा सचेतना फैलाउने प्रयास स्वरुप वार्षिक मुखपत्र 'राप्ती पर्यावरण सन्देश' प्रकाशनको खवरले खुशी तुल्याएको छ । सर्वप्रथम 'राप्ती पर्यावरण सन्देश' को दोस्रो अंकले वातावरणीय स्वच्छता राख्ने ज्ञानको सञ्चार सवैमा गराओस म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

खासगरी विकासका नाममा हुने अव्यवस्थित मानवीय गतिविधिका कारण पर्यावरण संकटमा पर्दै गएको सर्वविद्धितै छ । हरेक वर्ष तापक्रममा वृद्धि हुनु, वर्षा कम हुनु, हाम्रा परम्परागत खेती प्रणाली प्रभावित हुनु, पानीका स्रोत घट्नु र समग्र जलवायु परिवर्तनका थुप्रै संकेत देखापर्नुले सुन्दर दाङ मानव बसोवासका हिसावले हिजो भन्दा आज संकटतर्फ जाँदै गरेको हामीले पाइरहेका छौं । बनको हिस्सा घट्दो क्रममा हुनु र कार्वन उत्सर्जनका मानवीय गतिविधि बढ्नुले क्रमश हरित गृह ग्याँसको मात्रा वायुमण्डलमा थुप्रिएर मानवमात्र नभई सवै जीवहरुका लागि वातावरणीय समस्या उत्पन्न भइरहेको विभिन्न तथ्यहरुले देखाइरहेको छ । यस्तो अवस्थामा वातावरण अनुकूलन र असर न्यूनीकरणका काममा संस्थाले खेलेको भूमिकाले स्थानीय सरकारलाई वातावरण संरक्षणमा टेवा पुगेको महसुस मैले गरेको छु । चाहे त्यो प्रकृतिको कुचिकार गिद्ध संरक्षण र सचेतनाको माध्यमबाट होस वा सिनो व्यवस्थापनका माध्यमबाट होस । 'गिद्ध रेष्टुरेन्ट' स्थापना गरी स्वच्छ वातावरण निर्माणका लागि आम दाङवासीहरुलाई सचेत गराउने काम पनि भएको छ ।

यतिमात्रै होइन घोराही उपमहानगरपालिका वडा नं. १ र २ मा नमूना अर्ग्यानिक खेती र समग्र जैविक विविधता संरक्षणको काम सराहनीय नै छ । प्रकृति प्रदत्त कतिपय लोप हुन थालेका प्रजातिको संरक्षण हाम्रा सन्ततिका लागि राखिदिनुपर्ने अभिभारा पनि हामीमा छ । हामीले पाएको प्रकृति जस्ताको तस्तै हाम्रा सन्ततिलाई हस्तान्तरण गर्ने कुरा चुनौतीपूर्ण बन्दैछ । त्यसैले हरितनगरलगायतका कार्यक्रम हामीले सञ्चालन गरिरहेका छौ र स्थानीय सरकार त्यसमा गम्भीर छ । यहाँहरुको प्रयास पनि निरन्तर रहिरहोस । किनभने हामीले सेकेण्ड सेकेण्डमा लिने स्वास शुद्ध हुनुपर्छ । साझ बिहानको खाना पौष्टिक हुनुपर्छ र दीर्घ जीवन पाउनुपर्छ । त्यसको ग्यारेन्टी स्वच्छ पर्यावरण र जैविक विविधता संरक्षणले मात्रै गर्छ र तदनुरुपको मानवीय आनिवानी र गतिविधि सबैले गर्न जरुरी छ भन्ने कुराको सन्देश साँच्चिकै 'राप्ती पर्यावरण सन्देश' ले सर्वसाधारण नागरिकहरुमा निरन्तर पुर्‍याएर सचेत, सजग बनाउने काम गरिरहोस् हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद !

नरुलाल चौधरी
प्रमुख

नरुलाल चौधरी
नगर प्रमुख
घोराही उपमहानगरपालिका

फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६

# तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल


मितिः २०७५/०९/२३

### शुभकामना

पर्यावरण संरक्षणको क्षेत्रमा विगत लामो समयदेखि क्रियाशिल रहदै आएको पर्यावरणीय दिगो विकास एवम् अनुसन्धान केन्द्रले पर्यावरणीय मुद्दालाई समेटेर राप्ती पर्यावरण सन्देश प्रकाशित गर्न लागेको खवरले मलाई निकै उत्साहित वनाएको छ । पछिल्लो समय पर्यावरणको मुद्दा पेचिलो वन्दै गएको छ । पर्यावरण असन्तुलनका कारण वर्तमान विश्वमा परेको असरले मानव जीवन आक्रान्त वन्दै गएको छ ।

पर्यावरणमा देखिने असन्तुलनले मानिसका आर्थिक, भौतिक, जैविक, पुरातात्विक लगायतका समग्र क्रियाकलापमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावित भइरहेका छन् । मानव जाति आफ्नै बानी र व्यवहारका कारणले गर्दा नै विनाशको बाटोतर्फ उन्मुख हुँदै गएको छ । आजको सहजताले भोलिको विनाश निम्त्याउँछ भन्ने कुराका वारेमा सबै जानकार हुनु आवश्यक छ । विकसित देशले पर्यावरण विनाश गरेका कारणले गर्दा नेपाल जस्तो विकासोन्मुख देशहरूले निकै मार खेप्नुपरेको छ । विश्वका लागि नै चुनौतीको विषय वन्दै गएको पर्यावरण सन्तुलन कायम गर्नका लागि नेपालले खेलेको भुमिका निकै प्रशंसनीय रहेको छ । पर्यावरण सन्तुलनका लागि पर्यावरणीय दीगो विकास केन्द्र जस्ता सँस्थाले खेलेको भुमिका निकै महत्वपूर्ण रहेको छ ।

यस संस्थाले प्रकाशन गर्न लागेको यस पत्रिकाले पर्यावणीय सन्तुलन कायम गर्नका लागि महत्वपूर्ण भुमिका वहन गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

घनश्याम पाण्डे

प्रमुख

Bird Conservation Nepal
नेपाल पंछी संरक्षण संघ
Government Regd. Charity No. 77/049/050, Social Welfare Council Afilliation No. 5130

## शुभकामना

नेपाल पन्छी संरक्षण संघको स्थानिय साझेदार संस्था पर्यावरणीय दिगो विकाश एवम अनुसन्धान केन्द्र (ESDRC)ले दाङ्ग र आसपासका जिल्लाहरुमा लोपोन्मुख गिद्ध तथा जैविक विविधताको संरक्षण, स्थानिय समुदायको जिविकोपार्जन, पर्यापर्यटनको प्रवद्धन र सामुदायिक विकाशमा अनुकरणीय कामको नेतृत्व गर्दै आएको कुरा सर्वविदितै छ । यस संस्थाले लोपोन्मुख गिद्ध तथा जैविक विविधताको अनुसन्धान र संरक्षणमा पुऱ्याएको उल्लेख्य योगदानको कदर स्वरुप नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय वातावरण संरक्षण पुरस्कार २०७५ समेत प्राप्त गर्न सकेकोमा हामीहरु हर्षित भएका छौ साथै यसका लागि धेरै धेरै बधाई पनि छ । यसै सन्द्रभमा यस संस्थाले दाङ्ग र आसपासका क्षेत्रमा संचालन गरेका संरक्षण गतिविधीहरु, सिकाई, चुनौती र भावी रणनितीहरुका साथै विज्ञका लेख र विचारहरु आम सर्वसाधरण, सरोकारवाला निकायसम्म पुऱ्याउदै जनचेतना अभिवृद्धि र संरक्षणमा एक्यवद्ध गराउने उद्देश्यले प्रकाशन गर्न लागेको यस **राप्ती पर्यावरण सन्देश** वार्षिक मुखपत्रको निरन्तरताको लागि नेपाल पन्छी संरक्षण संघको तर्फबाट शुभकामना व्यक्त गर्दै आगामी दिनमा पनि नेपालको जैविक विविधता संरक्षणको क्षेत्रमा निरन्तर सहयात्राको अपेक्षा राख्दछु ।

......................

इशाना थापा

प्रमुख कार्यकारी अधिकृत

P.O. Box 12465 | Kathmandu, Nepal | Tel : 00977 4417805, 4420213 | Fax : 00977 1 44133884 | Email: bcn@birdlifenepal.org | Web: www.birdlifenepal.org

**राप्ती पर्यावरण सन्देश**
**वर्ष २, अंक २, २०७५**

सम्पादक
**डिल्लीबहादुर रावत**

सम्पादक मण्डल
**देवराज विश्वकर्मा**
**टोपबहादुर डाँगी**
**तुल्सीराम वली**
**मेनका शर्मा**
**रेनु पौडेल**

प्रकाशन मिति
**२०७५**

कम्प्यूटर सेटिङ
**हिरा ओली**

प्रकाशक
**पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र, दाङ (ESDRC)**

सहयोग
**संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम/विश्व वातावरण कोष/साना अनुदान कार्यक्रम**

मुद्रण :
**प्रतिभा अफसेट प्रेस**
**घोराही, दाङ**
**फोन. ०८२-५६००८४**

# सम्पादकीय

दाङमा पर्यावरणको संरक्षण गर्नका लागि स्थापना गरिएको पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्र (ESDRC) दाङ नेपाल मुनाफारहित गैरसरकारी संस्था हो । यसले आफ्नो स्थापनाकालदेखि नै पर्यावरणको विविध पक्षहरुको बारेमा अध्ययन अनुसन्धान र विभिन्न माध्यमबाट जनचेतना फैलाउने काम गर्दै आएको छ । छोटो समयमै यो संस्थाका गतिविधिहरु दाङमा मात्रै सीमित नभई सञ्चार माध्यमहरुद्वारा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरसम्म पुगेका छन् । शुरुका दिनहरुमा कार्यसमतिको सक्रियतामा काम गरेको यो संस्थाले पछिल्लो समयदेखि BCN को सहयोगमा गिद्ध संरक्षण र वन्यजन्तु संरक्षणमा काम गर्दै आएको छ भने UNDP/GEF/SGP को आर्थिक सहयोगमा दोस्रो पटक "जैविक विविधता संरक्षण एवं नमूना अर्गानिक तरकारी खेती" कार्यक्रम सञ्चालन गरेको छ । यस कार्यक्रमअन्तर्गत किसानहरुलाई अर्गानिक खेतीका लागि आवश्यक तालिम दिनुका साथै अर्गानिक विषादी निर्माणका लागि आवश्यक सामग्री सहयोग गरेको छ । तालिम र जैबिक विषादी निर्माणका लागि आवश्यक सामग्री पाएपछि घोराही-उपमहानगरपालिका १ र २ बुकाका किसान अहिले जैबिक विषादी प्रयोग गरी अर्गानिक खेतीको शुरुवात गर्ने क्रममा रहेका छन् । यस संस्थाले UNDP/GEF/SGP को पहिलो कार्यक्रमअन्तर्गत "दाङ उपत्यका जैविक विविधता संरक्षण एवं जीविकोपार्जन" परियोजना सञ्चालन गरी नेपालमै पहिलोपटक महिला समूहको सहयोगमा जैबिक विविधताको डाटा सार्वजनिक गर्न सफल भएको थियो ।

यो संस्थाले तुलसीपुर उपमहानगरपालिका-१९ मा गिद्ध रेष्टुरेण्ट सञ्चालन गरेको छ । तुलसीपुर १८ मा पर्यावरणीय सूचना केन्द्र एवं वन्यजन्तु उपचार केन्द्रको भवन निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ । यस्तै रामपुरको चरिङ्गे सामुदायिक वन र आसपासमा पाइने वन्यजन्तु, वनस्पति, जडिवुटी, किराफट्यांग्राको अभिलेख राख्न सफल भएको छ ।

संस्थाले महिला सशक्तिकरण, क्षमता अभिवृद्धि, आयआर्जन, बाढी नियन्त्रण, स्कूल भवन निर्माण, ताल विस्तार र संरक्षण जस्ता कामहरु विभिन्न निकायको सहयोगमा सम्पन्न गरेको छ । जसले गर्दा जिल्ला वन कार्यालयले वन, वन्यजन्तु तथा पन्क्षी संरक्षण कार्यमा जिल्लामै उत्कृष्ट संस्थाको रुपमा छनोट गरी २०७२ असार ३ गते नगदसहित प्रमाणपत्रले सम्मान गरेको थियो भने २०७५ सालमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण पुरस्कार यस संस्थालाई प्रदान गरेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको हातबाट संस्थाले पुरस्कार ग्रहण गर्न सफल भएको थियो । यसका अलावा सरकारी एवं गैर सरकारी संस्थाहरुबाट प्रशंसापत्रहरु प्राप्त गर्न सफल भएको छ । UNDP/GEF/SGP र BCN को आर्थिक सहयोगमा संस्थाले यो पत्रिकाको दोस्रो अंक प्रकाशन गर्न सफल भएको छ ।